मजदुर विज्ञापन शाखा
नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५

विज्ञापनको लागि सूचना

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।
भाइबर नं. : ९७४४४२४४६५
Gmail : majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९

★ वर्ष : २८ ★ अङ्क : १७४ ★ ने. सं. ११४६ दिला थ्व, द्वितीया ★ बिहीबार ★ ३२ असार, २०८३ ★ July 16 , 2026, Thursday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

## "सम्पदाको संरक्षण, संवर्द्धन र पर्यटन प्रवर्द्धनलाई भक्तपुर नगरपालिकाले प्राथमिकतामा राखेको छ"



भक्तपुर, ३१ असार । भक्तपुर नगरपालिकाको आयोजनामा भक्तपुरको सांस्कृतिक पर्यटन उद्योगको विकासको लागि सरोकारवाला सङ्घसंस्थाहरू दरबार हेरचाह तथा स्मारक संरक्षण कार्यालय, गुठी संस्थान कार्यालय, कला सङ्ग्रहालय, भक्तपुर पर्यटन विकास समिति, होटल एसोसियसन अफ भक्तपुर र इतिहासविद्, संस्कृतिविद्, संरक्षणविद्, पुजारीलगायत सरोकारवालाहरूसँग राय सुझाव सङ्कलन र छलफल कार्यक्रम सम्पन्न भयो ।

उक्त कार्यक्रमबाट सांस्कृतिक नगर भक्तपुरको आर्थिक र सामाजिक विकासको एक आधारको रूपमा रहेको सांस्कृतिक पर्यटन उद्योगको विकासको लागि अल्पकालीन तथा दीर्घकालीन योजनाहरू निर्माण गर्न इतिहास र संस्कृतिका विज्ञहरू तथा सरोकारवाला समूहहरूको प्रतिनिधित्व हुने गरी सम्भाव्यता अध्ययन समिति गठन गर्न भक्तपुर नगरपालिकालाई अनुरोध गर्ने निर्णय गऱ्यो ।

कार्यक्रममा नगर प्रमुख सुनिल प्रजापतिले भक्तपुर मूर्त तथा अमूर्त सम्पदाले भरिएको सांस्कृतिक नगर भएकोले सम्पदाको संरक्षण, संवर्द्धन र पर्यटन प्रवर्द्धनलाई नगरपालिकाले प्राथमिकतामा राखेर काम गरिरहेको बताउनुभयो ।

उहाँले आ.व. २०८३/८४ को नीति तथा कार्यक्रममा पर्यटन क्षेत्रलाई विशेष प्राथमिकता दिइएको उल्लेख गर्दै पर्यटनसँग सम्बन्धित निकाय, विज्ञ तथा सरोकारवालासँग समन्वय गरी दीर्घकालीन योजना अघि बढाइने जानकारी दिनुभयो ।

नगर प्रमुख प्रजापतिले सम्पदास्थलको संरक्षण, आन्तरिक पर्यटन प्रवर्द्धन, मौलिक सम्पदाको डिजिटल अभिलेखीकरण तथा धार्मिक-सांस्कृतिक पर्यटनको विकासका लागि सबै पक्षको सहयोग आवश्यक रहेको उल्लेख गर्दै सुझावसहित सहकार्य गर्न आग्रह गर्नुभयो ।

स्मारक संरक्षण तथा दरबार हेरचाह कार्यालय भक्तपुरका प्रमुख नवराज अधिकारीले विश्व सम्पदा सूचीमा सूचिकृत मूर्त सम्पदा तथा अमूर्त सांस्कृतिक सम्पदाको संरक्षण, संवर्द्धन र प्रवर्द्धनमा सबै सरोकारवाला निकाय तथा समुदायले विशेष जोड दिनुपर्ने र पर्यटक प्रवेश शुल्क सङ्कलनलाई व्यवस्थित र प्रभावकारी बनाउन एकद्वार प्रणाली लागू गर्नुपर्ने धारणा राख्नुभयो ।

गुठी संस्थान कार्यालय भक्तपुरका प्रमुख आनन्दप्रसाद कर्माचार्यले भक्तपुर विदेशी पर्यटकहरूको लागि आकर्षक गन्तव्यस्थल भएको उल्लेख गर्दै लोपोन्मुख बाजागाजा, दाफा भजन, नाच तथा अन्य सांस्कृतिक सम्पदाको संरक्षण र प्रवर्द्धनमा विशेष ध्यान दिनुपर्नेमा जोड दिनुभयो ।

राष्ट्रिय कला सङ्ग्रहालय प्रमुख जयन्ती प्रधानले पर्यटकको बसाइँ अवधि बढाउन दक्ष पथप्रदर्शकले प्रभावकारी भूमिका निर्वाह गर्नुपर्ने बताउनुभयो ।

*बाँकी पृष्ठ २ मा*

## सडकदेखि सदनसम्म सरकारको विरोध

गएको निर्वाचनमा रास्वपा बहुमतले त जित्यो । तर, रास्वपा या रास्वपाका नेता, मन्त्री, सांसद र कार्यकर्ताले देश बुझेनन्, जनताको समस्या बुझेनन् । सोचविचार नै नगरी गर्ने सरकारको निर्णय र जनताको समस्या समाधान गर्नेतर्फ सरकार नलागेको कारण हरेक दिनझैँ कुनै न कुनै पेसा, क्षेत्र र जनताको धर्ना, घेराउ, सभा, विरोध प्रदर्शन भइरहेको छ । सुकुमवासीहरूको आक्रोशपूर्ण पीडाको स्वर सेलाउन नपाउँदै मिटरब्याज पीडितहरू सडक आन्दोलनमा देखिए । त्यस्तै सरकारले खर्च कटौती गर्ने भन्दै पुराना अस्थायी र करारका कर्मचारी हटाउने सरकारको तयारी सतहमा आएपछि ती कर्मचारहिरूले मङ्गलबार अर्थ मन्त्रालयको मूल ढोकाअगाडि नाराबाजी गर्दै प्रदर्शन गरे । पुराना अस्थायी तथा करारका कर्मचारीलाई सरकारले बिदाइ गर्ने तयारी गरेपछि उनीहरू आन्दोलनमा उत्रेका हुन् । यसअघि उखु कृषकहरू आन्दोलनमा उत्रेका थिए ।

आफ्ना माग पूरा गर्न जनकपुरधामबाट काठमाडौँतर्फ हिँडेका मिटरब्याज पीडितहरू सडक सङ्घर्षमा उत्रेपछि सो आन्दोलनलाई शिथिल बनाउन मङ्गलबार बाराको निजगढमा गृहमन्त्री सुधन गुरूङले उनीहरूसँग भेटघाट गरे । तर, गृहमन्त्री गुरुङसँगको मिटरब्याज पीडितहरूको वार्ता सफल भएन । मिटरब्याज पीडितहरूको समस्या समाधान गर्न कानुनी तथा नीतिगत सुधार आवश्यक भएको भनी थामथुम पार्न खोजिएको पीडितहरूको गुनासो छ । मिटरब्याज तथा ठगीविरूद्ध सङ्घर्षरत पीडितहरूले ६ बुँदे माघ अघि सार्दै असार २५ देखि जनकपुरधामस्थिम तिरहुतिया गाछीबाट पैदल ऱ्याली गरेका थिए । उनीहरू निजगढ पुगेपछि राजधानी काठमाडौँ छिर्न नदिन गृहमन्त्री गुरूङ मङ्गलबार निजगढ पुगेर भेटघाटमा सरिक भएका थिए ।

पीडितहरूले फर्जी लिखत पूर्णरूपमा खारेज गर्न, मिटरब्याजविरूद्ध विशेष ऐन बनाउन, साहुमहाजनको सम्पत्ति छानबिन गरी पीडितको सम्पत्ति फिर्ता गराउन, मिटरब्याजसम्बन्धी विशेष न्यायाधीकरण गठन गर्न तथा न्यायपूर्ण आर्थिक कारोबारको सुनिश्चित हुनुपर्ने माग राखेका छन् । हुन त उनीहरूसँग पहिलेको सरकारले पनि वार्ता गरेर माग पूरा गर्ने निर्णय गरेको थियो । यो सरकारले विगतमा गठन भएका विभिन्न आयोगको प्रतिवेदन कार्यान्वयन गर्ने निर्णय गरेको खबर छापामा आएको छ । तर, ती प्रतिवेदनहरू सरकारको प्रतिबद्धताअनुसार लागू हुन्छ नै भन्नेमा मिटरब्याज पीडितहरू शङ्का गर्छन् ।

मिटरब्याज पीडितहरू राजधानी छिरेपछि आन्दोलनले थप गति लेला, आन्दोलन चर्किएला भन्ने ठानेरै गृहमन्त्री बारा पुगेको राजधानीमा चर्चाको विषय बनेको छ । यतिबेला शिक्षकहरूले पनि आन्दोलनमा उत्रने चेतावनी दिएका छन् । शिक्षकको माग पूरा गर्न सरकारसँग पटक पटक वार्ता र निर्णय भए पनि निर्णय कार्यान्वयन गर्नुभन्दा थप समस्या निम्त्याउने काम सरकारले गरेको भनी उनीहरू आन्दोलनमा उत्रेका हुन् । यसरी नै कलेजका प्राध्यापकहरू पनि आन्दोलनमा छन् । विद्यार्थी सङ्गठनको राजनीतिमा सरकारले बाधा पुऱ्यायो भनी विद्यार्थीहरू पनि सडक आन्दोलनमा छन् । विद्यालय व्यवस्थापन समितिमा विद्यालयका शिक्षक, वडाका जनप्रतिनिधि, राजनीतिक कार्यकर्ता बस्न नपाउने सरकारी निर्णयप्रति पनि शिक्षक, अभिभावक, जनप्रतिनिधिहरू असन्तुष्ट छन् ।

*बाँकी पृष्ठ ८ मा*

**व्यङ्ग्यचित्रको कुनो**




## कार्की आयोगको प्रतिवेदनको सार सङ्क्षेप – ५६

**जिल्ला प्रशासन कार्यालय, झापा :** २०८२।०५।२३ गते अन्दाजी १०:३५ बजे करिब २०० जनाको सङ्ख्यामा रहेको भिडले राजमार्गको दुईतर्फ बाटो अवरोध नहुने गरी प्लेकार्ड बोकेर विरोध कार्यक्रम गरेको थियो । आयोजकले कार्यक्रम समापनको घोषणा गरे पनि भिडले नाराबाजी गर्दै बजार परिक्रमा गऱ्यो । प्रदर्शनकारीहरूको भिडले दमक नगरपालिकाअगाडि नाराबाजी गर्नुका साथै नगरपालिकाको गेट तथा गेटमा रहेको सी.सी.टीभी तोडफोड गरे । उनीहरूले कार्यालय परिसरमा रहेका केही सवारीसाधन गेटबाहिर निकालेर आगजनी गरे । त्यसपछि प्रहरीले सामान्य बल प्रयोग गरी थप क्षति हुन नदिएको हो ।

त्यसैगरी सोही दिन अन्दाजी ११:३० बजेको समयमा करिब ५,००० को हाराहारीमा रहेको प्रदर्शनकारीको समूहले मुक्ति चोकबाट बिर्तामोड नगरपालिका बाहिर पुगेर नाराबाजी गरे । केही उग्रव्यक्तिहरूले नगरपालिकाको कार्यालयतर्फ ढुङ्गा हानी नगरपालिकाको अगाडिपट्टिको झ्यालका सिसा फुटाउनुका साथै उपमेयर तथा कर्मचारीहरूलाई बाहिर निस्किन दिएनन् ।

दमकमा पनि नगर परिक्रमापश्चात् उत्तेजक भिडले नगरपालिका कार्यालयमा ढुङ्गामुढा र आगजनी सुरु गरेका थिए । दमक तथा बिर्तामोडको घटनापश्चात् अराजक समूहले गौरादह, कन्काई, अर्जुनधारा, मेची, भद्रपुर नगरपालिका तथा बाह्रदशी, बुधशान्ति, कचनाकवल तथा झापा गाउँपालिकाका प्रशासनिक भवन तथा वडा कार्यालयहरू, मेची भन्सार कार्यालय, भद्रपुर भन्सार कार्यालयलगायत केही सरकारी कार्यालय र केही राजनैतिक दलका पार्टी कार्यालयहरूमा समेत तोडफोड र आगजनी गरे । आन्दोलनकारीहरूले ग्रामीण क्षेत्रमा रहेका वा अन्यत्र रहेका प्रहरी युनिटहरूमा पनि राति २१:०० बजेसम्म आगजनी तथा तोडफोड गरे ।

लागूऔषध सेवनकर्ता, सहचालक, पहाडतिरबाट झरेर सानोतिनो काममा, जागिरमा संलग्न/बेरोजगार व्यक्ति, प्रहरी, ट्राफिक प्रहरी कारबाहीमा परेका व्यक्ति तथा अन्य सरकारी कार्यालयहरूबाट असन्तुष्ट बिचौलियाहरू, केन्द्रीय सरकार तथा स्थानीय सरकारमा सहभागी नभएका/अवसर नपाएका राजनीतिक दलका कार्यकर्ताहरू पनि प्रदर्शनमा संलग्न भएको देखिन्छ ।

भदौ २४ गते बिहान ०५:०० बजेसम्म बिर्तामोड नगरपालिका क्षेत्रमा कर्फ्यु आदेश जारी भएको थियो ।



नेपाल संवत् ११४६ असार शुक्ल प्रतिपदा बुधबार विश्व सम्पदा सूचिकृत ङातापोल्हँको ३२४ औँ स्थापना दिवस, बुसादाँ (वर्ष बन्धन) मनाइँदै ।
*तस्बिर : मजदुर दैनिक*

# विपद्मा नसर्ने रोगको सेवा निरन्तरताको खाँचो

काठमाडौँ, ३१ असार । नेपालमा बढ्दो नसर्ने रोगको जोखिमलाई कम गर्न स्वास्थ्य सेवाको प्रभावकारी एकीकृत पहल आवश्यक रहेकामा जोड दिइएको छ । साथै जोखिमलाई सामना गर्न विपद्का अवस्थामा नसर्ने रोगको सेवा निरन्तरताका लागि संयुक्त प्रयासको खाँचो औँल्याइएको छ ।

नेपाल रेडक्रस सोसाइटीद्वारा सञ्चालित उत्थानशील नसर्ने रोग परियोजनाद्वारा 'विपद्का अवस्थामा नसर्ने रोगको सेवा निरन्तरताको लागि अत्यावश्यक प्रतिकार्य प्याकेज' विषयक छलफल कार्यक्रम सो खाँचो औँल्याइएको हो । कार्यक्रममा नेपाल रेडक्रस सोसाइटीका महामन्त्री ऋषिरमण खनालले सोसाइटीले विभिन्न मानवीय सेवाका गतिविधिलाई निरन्तर जारी रहेको जानकारी दिनुभयो ।

स्वास्थ्य सेवा विभाग, नसर्ने रोग तथा मानसिक स्वास्थ्य शाखाका प्रमुख डा. पोमावती थापाले 'नेपालमा नसर्ने रोगको वर्तमान अवस्था, उपलब्धि तथा सन् २०३० सम्मको राष्ट्रिय कार्यदिशा' विषयक प्रस्तुति गर्दै नेपालमा बढ्दो नसर्ने रोगको चुनौतीलाई सम्बोधन गर्न विपद् जोखिम व्यवस्थापनसँग स्वास्थ्य सेवाको प्रभावकारी एकीकृत पहल अपरिहार्य रहेकामा जोड दिनुभयो । उहाँले भन्नुभयो, "विभिन्न कारणले पछिल्लो समय नेपालमा सरुवा भन्दा नसर्ने रोगको जोखिम उच्च हुँदै गएको छ । यसलाई सम्बोधन गर्न संयुक्त प्रयासको खाँचो पर्दछ ।"

कार्यक्रममा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख प्रदीपकुमार कोइरालाले नसर्ने रोगको जोखिममा रहेका समुदायको पहिचान गरी त्यहीअनुसारको पूर्वतायरी गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो । डेनिस रेडक्रसको देशीय व्यवस्थापक ( नेपाल र बङ्गलादेश) डेभिड फोग्देनले नसर्ने रोगको विश्वव्यापी तथ्याङ्कलाई अध्ययन गर्दा अवस्था गम्भीर रहेको पाइएको बताउनुभयो । उहाँले समुदायमा विपद् प्रतिरोधात्मक स्वास्थ्य प्रणालीको विकास, गैरसरुवा रोगको प्रभावकारी व्यवस्थापन तथा साझेदारीमा आधारित कार्यलाई आगामी दिनमा अझ सशक्त रूपमा अघि बढाउनुपर्नेमा सुझाव दिनुभयो ।

नेपाल रेडक्रस सोसाइटी, विपद् व्यवस्थापन विभागका निर्देशक सागर श्रेष्ठले विपद्का अवस्थामा नसर्ने रोगबाट प्रभावित व्यक्तिहरूका लागि स्वास्थ्य सेवाको निरन्तरता सुनिश्चित गर्न बहुपक्षीय सहकार्य र नीतिगत समन्वय आवश्यक छ भन्नुभयो ।

डेनिस रेडक्रसका नेपाल कार्यक्रम संयोजक निरु प्रधान तथा नेपाल रेडक्रस सोसाइटीका कार्यक्रम संयोजक प्रमोद अधिकारीले विपद्को समयमा नसर्ने रोगसम्बन्धी बिरामीहरूका लागि उपचार तथा आवश्यक स्वास्थ्य सेवाको निरन्तरता सुनिश्चित गर्ने उद्देश्यले सञ्चालन भइरहेको उत्थानशील नसर्ने रोग परियोजनाका प्रमुख उपलब्धि तथा सिकाइहरू प्रस्तुत गर्नुभएको थियो ।

नेपाल रेडक्रस, स्वास्थ्य सेवा विभागका कार्यक्रम संयोजक अनिल महर्जनले परियोजनाअन्तर्गत गरिएको अध्ययन तथा अनुसन्धानका प्रमुख निष्कर्ष प्रस्तुत गर्दै समुदायस्तरमा नसर्ने रोग व्यवस्थापनलाई विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनासँग आबद्ध गर्नुपर्ने आवश्यकता औँल्याउनुभएको थियो ।

कार्यक्रममा नसर्ने रोगसम्बन्धी सेवाको व्यावहारिक कार्यान्वयन, नीतिगत अवसर, स्वास्थ्य प्रणालीमा प्रभावकारी एकीकरण तथा दिगो संस्थागत व्यवस्थापनका विषयमा सहभागीहरूबिच अन्तर्क्रियात्मक छलफल भएको थियो । यसमा विपद्को अवस्थामा नसर्ने रोग ( एनसिडी) सम्बन्धी सेवाको निरन्तरता सुनिश्चित गर्न आवश्यक नीति तथा रणनीतिक व्यवस्था, स्रोत परिचालन, स्वास्थ्य प्रणाली र प्राथमिक स्वास्थ्य सेवासँग एनसिडी सेवाको एकीकरण, आवश्यक औषधि तथा स्वास्थ्य सामग्रीको आपूर्ति व्यवस्थापन, स्थानीय तहको भूमिका, पेन-डीको संस्थागत विकासमा छलफल गरिएको थियो । साथै, अनुसन्धान तथा प्रमाणमा आधारित नीति निर्माण, अन्तर्राष्ट्रिय अभ्यास, बहुपक्षीय समन्वय तथा विपद्को समयमा नसर्ने रोगका बिरामीलाई गुणस्तरीय र निरन्तर स्वास्थ्य सेवा उपलब्ध गराउने उपायबारे छलफल गरिएको थियो ।

नेपाल रेडक्रस सोसाइटीका निमित्त कार्यकारी निर्देशक मोना अर्यालले विपद्को समयमा नसर्ने रोगबाट प्रभावित व्यक्तिहरूले अविछिन्न रूपमा स्वास्थ्य सेवा प्राप्त गर्ने वातावरण सुनिश्चित गर्न सरकार, रेडक्रस तथा सरोकारवाला निकायबिचको सहकार्य, अनुभव आदानप्रदान र प्रमाणमा आधारित नीतिगत पहललाई थप सुदृढ बनाउनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

कार्यक्रममा कञ्चनपुरको लालझडी गाउँपालिका अध्यक्ष निर्मल रानाले नेपाल रेडक्रस सोसाइटीको सहयोगमा सञ्चालित नसर्ने रोगको परियोजनाबाट पालिकामा पुगेको सहयोगका बारेमा आफ्नो अनुभव प्रस्तुत गर्नुभएको थियो ।

छलफलको सहजीकरण रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीहरूको अन्तर्राष्ट्रिय महाससङ्घ (आइएफआरसी) क्यानेडियन रेडक्रसका एसिया प्रशान्त क्षेत्रीय स्वास्थ्य सल्लाहकार रमेश न्यौपानेले गर्नुभएको थियो ।

छलफल कार्यक्रममा स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, स्वास्थ्य सेवा विभाग, महामारी तथा रोग नियन्त्रण महाशाखा, नेपाल स्वास्थ्य अनुसन्धान परिषद्, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, नेपाल रडक्रस सोसाइटी, आइएफआरसी, डेनिस रेडक्रस, क्यानेडियन रेडक्रस, विश्व स्वास्थ्य सङ्गठन, काठमाडौँ विश्वविद्यालय तथा स्वास्थ्य क्षेत्रमा क्रियाशील विभिन्न सरकारी एवं गैरसरकारी निकायका प्रतिनिधिहरूको सहभागिता रहेको थियो । ***(रासस)***

# फ्रान्सलाई पराजित गर्दै स्पेन विश्वकपको फाइनलमा प्रवेश

काठमाडौँ, ३१ असार । फ्रान्सलाई पराजित गर्दै स्पेन फिफा विश्वकप २०२६ को फाइनलमा प्रवेश गरेको छ ।

अमेरिकाको टेक्सासस्थित डलास स्टेडियममा भएको पहिलो सेमिफाइनल खेलमा स्पेनले फ्रान्सलाई २-० गोलले पराजित गर्दै फाइनलमा स्थान बनाएको हो ।

स्पेनको जीतमा मिकेल ओयारजाबाल र पेड्रो पोरोले गोल गरे । खेलको पहिलो गोल मिकेल ओयारजाबालले गरेका थिए । उनले खेलको २२औँ मिनेटमा पेनाल्टीमार्फत गोल गरेका हुन् ।

फ्रान्सका लुकास डिग्नेले लामिन यमालविरुद्ध 'फाउल' गरेपछि स्पेनले 'पेनाल्टी' पाएको थियो ।

त्यसपछि खेलको ५८ औँ मिनेटमा पेड्रो पोरोले गोल गर्दै स्पेनको अग्रता दोब्बर बनाए । बाँकी समयमा दुवै टोलीबाट गोल हुन सकेन र स्पेनले फ्रान्समाथि २-० को जीत हासिल गर्दै फाइनल यात्रा तय गरेको हो । ***(रासस)***

# देशभर ५० प्रतिशत धान रोपाइँ सम्पन्न

ललितपुर, ३१ असार । देशभर हालसम्म करिब ५० प्रतिशत धान रोपाइँ सम्पन्न भएको छ । कृषि विभागका अनुसार यस वर्ष १३ लाख ७० हजार हेक्टर क्षेत्रफलमा धान रोप्ने लक्ष्य रहेकामा हालसम्म ६ लाख ८२ हजार हेक्टर क्षेत्रफलमा रोपाइँ सकिएको छ ।

विभागका उपमहानिर्देशक राजेन्द्र कोइरालाले गतवर्ष यही अवधिसम्म ६० प्रतिशत रोपाइँ भएको भए पनि यस वर्ष ५० प्रतिशत मात्र रोपाइँ सम्पन्न भएको जानकारी दिनुभयो ।

प्रदेशगत रूपमा सबैभन्दा बढी सुदूरपश्चिममा ८७ प्रतिशत रोपाइँ भएको छ । त्यसपछि गण्डकीमा ६५ दशमलव नौ प्रतिशत, कर्णालीमा ६० प्रतिशत, लुम्बिनीमा ५९ प्रतिशत र वाग्मतीमा ५७ दशमलव एक प्रतिशत रोपाइँ भएको छ । कोशीमा ३२ प्रतिशत र मधेसमा ३२ दशमलव सात प्रतिशत मात्रै रोपाइँ भएको विभागले जनाएको छ ।

# स्थानीय बाली उत्पादन र प्राङ्गारिक खेतीका लागि अनुदान

काठमाडौँ, ३१ असार । बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्रले लोपोन्मुख स्थानीय बालीको उत्पादन बढाउने उद्देश्यले ७० स्थानीय तहका किसानलाई रु. पाँच करोड बराबरको अनुदान सहयोग उपलब्ध गराएको छ ।

आयातित बीउ र रासायनिक मलको बढ्दो प्रयोगका कारण जोखिममा परेका स्थानीय बालीको संरक्षणका लागि उक्त अनुदान उपलब्ध गराइएको हो ।

कृषि, वन तथा पर्यावरण मन्त्रालय मातहतको केन्द्रले किसानलाई प्राङ्गारिक खेतीका लागि अनुदान वितरण गर्दै आएको छ । केन्द्रले रैथाने बाली संरक्षण कार्यक्रम पनि सञ्चालन गरिरहेको छ ।

केन्द्र प्रमुख केशव देवकोटाले स्थानीय बालीको संरक्षण, प्रवर्द्धन, अनुसन्धान र बजारीकरणका लागि किसानलाई आर्थिक सहयोगसँगै नीतिगत व्यवस्थापनको काम भइरहेको बताउनुभयो । स्थानीय बाली संरक्षणका लागि प्रभावकारी नीति तथा कार्यक्रम आवश्यक रहेको उहाँको भनाइ छ ।

लोप हुने अवस्थामा पुगेका स्थानीय बाली तथा प्रजातिको पहिचान, खेती विस्तार, अनुसन्धान, बीउ विकास तथा स्थानीय हावापानी अनुकूल बीउ उत्पादन र प्रवर्द्धनका लागि स्थानीय तह, कृषि सहकारी र कृषक समूहलाई लक्षित गरी आर्थिक सहयोग प्रदान गरिएको केन्द्रले जनाएको छ ।

त्यसबाट स्थानीय अन्नबालीको खेती विस्तार गरी रैथाने बालीको संरक्षण गर्ने र किसानको आयआर्जनमा सुधार गर्ने लक्ष्य राखिएको छ । पौष्टिक तत्त्वले भरिपूर्ण स्थानीय बालीको प्रयोग बढाएर खाद्य तथा पोषण सुरक्षा कायम गर्न, किसानलाई रैथाने बीउबिजन उपलब्ध गराउन, प्रविधि हस्तान्तरण गर्न र मूल्य शृङ्खला विकास गर्न केन्द्रले स्थानीय तहसँग समन्वय गर्दै आएको जनाएको छ ।

रैथाने बाली प्रवर्द्धन तथा संरक्षण कार्यक्रममार्फत स्थानीय उत्पादन वृद्धि र बजारीकरणमा सहयोग पुऱ्याउने लक्ष्य राखिएको छ । ***(रासस)***

# नदीजन्य पदार्थ बिक्री वितरण गर्न रोक

वाग्मती, ३१ असार । हेटौँडा उपमहानगरपालिकाले आगामी साउन १ गतेदेखि नदीजन्य पदार्थ बिक्री वितरणमा रोक लगाएको छ ।

उपमहानगरपालिकाले सार्वजनिक सूचना जारी गर्दै प्रत्येक आर्थिक वर्षको असार मसान्तभित्र आफ्नो उत्पादनको वार्षिक मौज्दात तथा खरिद बिक्रीको परिमाण सम्बन्धित पालिकामा बुझाउनुपर्ने कानुनी व्यवस्था रहेको उल्लेख गरेको छ ।

त्यसै व्यवस्थाअनुसार उपमहानगर क्षेत्रभित्र सञ्चालित क्रसर तथा बालुवा उद्योगले आव २०८२/८३ को कारोबार विवरणसहितको अन्तिम मौज्दात प्रमाणित गरी आव २०८३/८४ को कारोबार प्रारम्भ गर्नुपर्ने भएको जनाउँदै उपमहानगरपालिकाले २०८३ असार ३२ गते राति १२:०० बजेदेखि अर्को सूचना प्रकाशित नभएसम्मका लागि फर्म, उद्योग तथा कम्पनीबाट नदीजन्य पदार्थको बिक्री वितरण तथा ओसारपसार कार्य बन्द गर्न आग्रह गरेको हो । ***(रासस)***

# छुमा गणेश बचतमा शिक्षा शिविर सम्पन्न

भक्तपुर,३१ असार । छुमा गणेश बचत तथा ऋण संस्था लि. को बचत तथा शिक्षा समितिको आयोजनामा सहकारी शिक्षा शिविर कार्यक्रम बुधबार सम्पन्न भयो ।

कार्यक्रममा भनपा वडा नं. ६ का वडाध्यक्ष हरिराम सुवालले देशभरि सहकारीलगायत वित्तीय संसथाहरूको आर्थिक अवस्था सकारात्मक नभएको चर्चा गर्दै सहकारीका सञ्चालकहरूले सहकारी नियम र मूल्य-मान्यतामा रही आर्थिक कारोबार गर्नुपर्नेमा जोड दिनुभयो ।

सहकारी सञ्चालकहरूबारे जानकारी नलिई ब्याजको लोभमा परेर सहकारीमा रकम जम्मा गर्न नहुनेतर्फ उहाँले सचेत गराउनुभयो ।

संस्थाका सल्लाहकार एवं संस्थापक अध्यक्ष सिद्धिराम अवालले सहकारीहरू समुदायप्रति जिम्मेवार हुनुपर्ने र बचतकर्ताहरू पनि सजग हुनुपर्ने बताउनुभयो ।

संस्थाका कोषाध्यक्ष मधुराम अवालले सहकारीको आर्थिक कारोबार प्रस्तुत गर्दै हालसम्मको आय-व्यय विवरण प्रस्तुत गर्नुभयो ।

संस्थाका उपाध्यक्ष कर्ण अवालको सभापतित्वमा भएको उक्त कार्यक्रममा सङ्गीता अवालले पनि बोल्नुभएको थियो ।

***सम्पदाको...***

इतिहासविद् डा. पुरुषोत्तमलोचन श्रेष्ठले पचपन्न झ्याले दरबारभित्र रहेका भित्तेचित्रहरू एसियाकै अनुपम सांस्कृतिक सम्पदाका रूपमा रहेको उल्लेख गर्दै तिनको वैज्ञानिक संरक्षण, अभिलेखीकरण तथा नियमित मर्मत-सम्भारमा विशेष जोड दिनुपर्ने र कृषि संस्कृतिलाई पनि पर्यटनसँग जोडेर आकर्षणको आधार बनाउनुपर्ने बताउनुभयो ।

इतिहासविद् विश्वमोहन जोशीले भक्तपुरका मौलिक पोशाक, परम्परा, संस्कार तथा सांस्कृतिक सम्पदाको व्यवस्थित डकुमेन्टेसन गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।

होटल एसोसिएसन अफ भक्तपुरका अध्यक्ष कृतन अवालले पर्यटनसम्बन्धी नीति तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्ने, भक्तपुर आउने पर्यटकलाई स्वागत तथा सगुनस्वरूप स्थानीय मौलिक परिकार जुजु धौ प्रदान गर्ने व्यवस्था गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

भक्तपुर पर्यटन विकास समितिका अध्यक्ष दिपेशराज शर्माले खेल पर्यटनलाई पर्यटन प्रवर्द्धनको नयाँ सम्भावनाका रूपमा विकास गर्नुपर्ने, पर्यटकको सङ्ख्या मात्र बढाउनेभन्दा गुणस्तरीय पर्यटनमा जोड दिई बढी समय बस्ने पर्यटक आकर्षित गर्ने रणनीतिहरू अवलम्बन गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा सहभागी सरोकारवाला निकायहरूले भूकम्पले क्षतिग्रस्त भई पुन:निर्माण गर्न बाँकी रहेका सम्पदाहरूको शीघ्र पुन:निर्माण गर्नुपर्ने, दरबार क्षेत्रभित्रका मन्दिरहरूमा नियमित पूजाआजा, दाफा भजन तथा धार्मिक-सांस्कृतिक गतिविधि सञ्चालन गरी पुन:जीवन दिनुपर्ने, पचपन्न झ्याल दरबार पर्यटकका लागि खुला गरी यसको पर्यटन उपयोगिता बढाउनुपर्ने, स्थानीय उत्पादन, हस्तकला र मौलिक सामग्रीको बिक्रीका लागि व्यवस्थित कोसेली घर स्थापना गर्नुपर्ने, भक्तपुर भ्रमणपछि पर्यटकले यहाँबाट के-कस्ता अनुभव, ज्ञान वा सामग्री लिएर फर्किन्छन् भन्ने विषयमा अध्ययन तथा अनुसन्धान गर्नुपर्ने, दाफा भजनलगायतका मौलिक सांस्कृतिक परम्पराप्रति नयाँ पुस्ताको आकर्षण बढाउने कार्यक्रम सञ्चालन गर्नुपर्नेलगायतका धारणा राख्नुभयो ।

## सङ्क्षिप्त समाचार

### एक खर्ब निक्षेप सङ्कलन गर्न बोलकबोल आह्वान

काठमाडौँ, ३१ असार । नेपाल राष्ट्र बैङ्कले रु. एक खर्ब बराबरको निक्षेप सङ्कलनका लागि बोलकबोल आह्वान गरेको छ ।

केन्द्रीय बैङ्कले बुधबार सूचना जारी गर्दै निक्षेप सङ्कलनका लागि बोलकबोल जारी गरेको हो ।

सूचनाअनुसार नेपाल राष्ट्र बैङ्कबाट इजाजतपत्र प्राप्त 'क', 'ख' र 'ग' वर्गका बैङ्क तथा वित्तीय संस्था मात्र बोलकबोलमा सहभागी हुन पाउनेछन् । बोलकबोल गर्दा निक्षेप गर्न चाहेको रकम र प्रस्तावित ब्याजदर (दशमलवपछिका चार अङ्कसम्म) उल्लेख गर्नुपर्नेछ । घटीमा रु. १० करोड र बढीमा रु. पाँच करोडले भाग गर्दा निःशेष भाग जाने गरी कुल आह्वान गरिएको रकमसम्म बोलकबोल गर्न सकिने छ । *(रासस)*

### सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयमा उपकुलपति र रजिस्ट्रार नियुक्त

काठमाडौँ, ३१ असार । सहिद दशरथचन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयमा उपकुलपति र रजिस्ट्रार नियुक्त भएका छन् ।

विश्वविद्यालय सभाले प्रा. डा. सुनिलकुमार जोशीलाई उपकुलपतिमा तथा डा. भीमबहादुर चन्दलाई बुधबार रजिस्ट्रारमा नियुक्त गरेको हो ।

यसअघि सिफारिस समितिका संयोजक प्रा. डा. जयराज अवस्थीले सहकुलपति शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलमार्फत योग्यताक्रमसहितको प्रतिवेदन विश्वविद्यालय सभामा पेस गर्नुभएको थियो । *(रासस)*

### निःशुल्क प्रवेशको विरोधमा विवाह मण्डप र सङ्ग्रहालय बन्द

धनुषा, ३१ असार । जनकपुरधामस्थित ऐतिहासिक विवाहमण्डप र जानकी मन्दिर परिसरमा रहेको सङ्ग्रहालय (म्युजियम) मङ्गलबारदेखि बन्द गरिएको छ । मधेस प्रदेशका गृहमन्त्री फकीरा महतोले धनुषा जिल्ला प्रशासनसँग परामर्श नगरी दुवै स्थलमा निःशुल्क प्रवेशको व्यवस्था गर्न निर्देशन दिएको भन्दै विरोधस्वरूप विवाह मण्डप तथा सङ्ग्रहालय बन्द गरिएको प्रशासनले जानकारी दिएको छ ।

विवाहमण्डप र सङ्ग्रहालय बन्द भएपछि अवलोकनका लागि पुगेका स्वदेशी तथा विदेशी पर्यटक एवं दर्शनार्थी प्रभावित भएका छन् ।

उक्त विषयमा मधेस प्रदेश सरकारको आधिकारिक धारणा सार्वजनिक भएको छैन । विवाहमण्डप तथा सङ्ग्रहालय प्रशासनले वार्ता र सहमतिका आधारमा समाधान नभए थप आन्दोलनका कार्यक्रम सार्वजनिक गर्ने सङ्ग्रहालय प्रशासनले जनाएको छ ।

जानकी मन्दिरका महन्थ रामतपेश्वर दासले विवाहमण्डप निर्माण सम्पन्न भएदेखि मन्दिर व्यवस्थापका साथै कर्मचारीका सेवा सुविधाका लागि टिकट खर्चबाट हुँदै आएकाले मन्त्री महतोले सबै टिकट नै उठाएर लगेपछि सङ्ग्रहालय बन्द गरिएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "आवश्यक छलफल र सहमतिविना गरिएको निर्णय स्वीकार्य छैन । समस्या समाधान नभए थप आन्दोलन हुन्छ ।"

जनकपुरधामको ऐतिहासिक विवाहमण्डप र जानकी मन्दिर परिसरस्थित सङ्ग्रहालय धार्मिक, सांस्कृतिक तथा पर्यटकीय दृष्टिले महत्त्वपूर्ण सम्पदाका रूपमा परिचित छन् । *(रासस)*

### बृहत्तर हेटौँडा अवधारणाअनुसार राजधानी विकास गरिने

वाग्मती, ३१ असार । प्रादेशिक राजधानी हेटौँडालाई बृहत्तर हेटौँडा अवधारणाअनुरूप विकास गरिने भएको छ ।

साइकल प्रदेश राजधानी हेटौँडा, पैदलयात्री सडक, नदी करिडोर विकास र प्रादेशिक सांस्कृतिक ग्राम निर्माणका लागि बजेट विनियोजन गरिएको वाग्मती प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री प्रभात तामाङले बताउनुभयो ।

त्यसैगरी, प्रदेशले चक्रपथ, गौरीटार रङ्गशाला, आरोग्य केन्द्र र एकीकृत प्रदेश प्रशासकीय भवनलाई प्रदेश गौरवको आयोजनाका रूपमा अगाडि बढाइने आर्थिक वर्ष २०८३/८४ को बजेटमा उल्लेख छ । *(रासस)*

### बाढीले क्षति पुर्‍याएपछि रेलेखोला जलविद्युत् आयोजना बन्द

म्याग्दी, ३१ असार । म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ नारच्याङस्थित ६ मेगावाट क्षमताको रेलेखोला जलविद्युत् आयोजना बाढीका कारण बन्द भएको छ ।

आयोजनाको बाँध (इन्टेक)मा बाढी पसेर क्षति पुगेपछि यही असार २८ गतेदेखि विद्युत् उत्पादन रोकिएको आयोजनाले जनाएको छ ।

आयोजनाका प्रमुख दार्शनिक काफ्लेका अनुसार बाँधसम्म पुग्ने सडक पनि पहिरोले अवरुद्ध भएको छ । बाढीले बाँधमा क्षति पुर्‍याएको छ भने विद्युत् उत्पादन बन्द हुँदा आयोजनाले आर्थिक नोक्सानी पनि व्यहोर्नुपरेको छ ।

गतवर्ष निर्माणसम्पन्न भएको यस आयोजनाको विद्युत दाना सबस्टेशनमार्फत राष्ट्रिय प्रसारण लाइनमा जोडिएको छ । *(रासस)*



उत्पादनको उचित मूल्य नपाएको, बजारको सुनिश्चितता नभएको र स्वदेशी किसान समस्यामा परेको भन्दै तरकारी किसानहरूले माइतीघरमा टमाटर सडकमा फालेर प्रदर्शन गरेका छन् । *तस्बिर : मजदुर दैनिक*

# मध्य र पश्चिम नेपालमा वर्षाको क्रम बढ्दै जाने पूर्वानुमान

काठमाडौँ, ३१ असार । मौसमविद्ले आगामी केही दिन मध्य र पश्चिम नेपालमा वर्षाको क्रम क्रमशः बढ्दै जाने पूर्वानुमान गरेका छन् ।

जल तथा मौसम विज्ञान विभागका मौसमविद् सञ्जीव अधिकारीले सोमबार र मङ्गलबारको तुलनामा बुधबार वर्षामा केही कमी आए पनि बिहीबारदेखि भने मध्य र पश्चिम नेपालमा वर्षाको क्रम बढ्ने पूर्वानुमान रहेको बताउनुभयो ।

विभागका अनुसार हाल देशभर मनसुनी वायुको प्रभाव कायम छ । मनसुनको न्यूनचापीय रेखा पश्चिम क्षेत्रमा सरदर स्थानभन्दा केही उत्तरतर्फको तराई नजिक तथा पूर्वी क्षेत्रमा सरदर स्थानकै आसपास रहेकाले मध्य र पश्चिम क्षेत्रमा वर्षाको गतिविधि बढ्ने सङ्केत देखिएको विभागको भनाइ छ ।

अधिकारीका अनुसार हिमाली र तराई भूभागमा अहिले सामान्यदेखि पूर्ण बदली छ । पछिल्लो १२ घण्टामा सबैभन्दा बढी वर्षा बझाङमा ५४.८ मिलीमिटर मापन भएको छ । यस्तै, पछिल्लो २४ घण्टामा सिन्धुपाल्चोक आसपास तथा कोशी प्रदेशका केही स्थानमा भारी वर्षा भएको विभागले जनाएको छ ।

मौसमविद् अधिकारीका अनुसार बुधबार हिमाली क्षेत्रमा मध्यम वर्षाको सम्भावना छ । त्यस्तै कोशी, वाग्मती, गण्डकी र लुम्बिनी प्रदेशका पहाडी भूभागमा पनि वर्षा हुने सम्भावना छ ।

कोशी, वाग्मती, गण्डकी र लुम्बिनी प्रदेशका तराई क्षेत्रका केही स्थानमा वर्षा हुने सम्भावना रहे पनि मधेस प्रदेशमा तुलनात्मक रूपमा कम वर्षा हुने पूर्वानुमान छ ।

विभागले भारी वर्षा हुने क्षेत्रका बासिन्दालाई नदी तथा खोला आसपास, पहिरो जोखिम स्थान तथा कमजोर भूबनोट भएका क्षेत्रमा रहँदा आवश्यक सतर्कता अपनाउन आग्रह गरेको छ । *(रासस)*

# वाग्मती नदीको कटानले टौदहका बस्ती जोखिममा

कीर्तिपुर (काठमाडौँ), ३१ असार । वाग्मती नदीको कटानले टौदहपूर्वका केही घर परेका छन् । कीर्तिपुर नगरपालिका-६ स्थित टौदह उपत्यकाको प्रमुख पर्यटकीय गन्तव्यस्थलमध्ये एक हो । वाग्मतीले विगत दुई वर्षदेखि धार परिवर्तन गरी पश्चिमी किनाराको माटो कटान गर्न थालेपछि टौदहको पूर्व र दक्षिणतर्फका बस्ती जोखिममा परेका छन् ।

टौदहका स्थानीयवासी मिलन खड्काले भन्नुभयो "वाग्मती नदीको कटानले टौदहपूर्वका बस्ती जोखिममा परेका छन् । अहिले नै पूर्वतर्फका कान्लाहरूबाट टौदहको पानी चुहिन थालेको छ, समयमै केही नगर्ने हो भने टौदहको अस्तित्व नै सङ्कटमा पर्छ ।"

वाग्मतीको पारिपट्टि ललितपुर महानगरपालिकाले पर्खाल लगाएपछि वाग्मतीले पश्चिम किनारमा मात्र एकोहोरो कटान गरिरहेको उहाँले बताउनुभयो । यसका साथै पश्चिमतर्फ पनि कीर्तिपुर नगरपालिका-४ स्थित दुधपोखरी क्षेत्रबाट बगेर आउने खहरे खोलाले कटान गर्दै लगेको छ । खोलाको दक्षिणतर्फ दक्षिणकाली नगरपालिकाले संरक्षण पर्खाल लगाउने तर कीर्तिपुर नगरपालिकाका तर्फबाट त्यसको पहल नगर्ने प्रवृत्तिले गर्दा कटान रोकथामको काम नभएको अर्का स्थानीय अन्जिल खड्का बताउनुहुन्छ ।

रेखाङ्कन र सीमाङ्कनको समस्या

विभिन्न निकायहरूले वाग्मती नदीको कटानबाट टौदह र बस्तीलाई जोगाउन टटवन्ध, टेवा पर्खाल आदिका लागि बजेट छुट्याउने गरेका छन् । तर सीमा कहाँसम्म हो भन्ने एकिन नहुँदा त्यस्ता बजेट त्यसै फिर्ता जाने गरेको पनि स्थानीयवासी खड्का बताउनुहुन्छ । "पटकपटक वाग्मती सभ्यतासँग गएर सीमाङ्कन गरिदिन भनेका छौँ तर आजसम्म भएन ।" सीमाङ्कन नभएका कारण निर्माण व्यवसायीले काम सुरु गर्न नमानेको उहाँले बताउनुभयो । *(रासस)*

# काठमाडौँ उपत्यकाका अस्तव्यस्त तार साउन दोस्रो साताभित्र व्यवस्थापन गरिसक्न निर्देशन

काठमाडौँ, ३१ असार । काठमाडौँ उपत्यकामा वर्षौंदेखि सडकका पोलमा गुजुल्टो परेर लत्रिएका तथा प्रयोगविहीन अवस्थामा रहेका इन्टरनेट, टेलिफोन तथा टेलिभिजनका तार व्यवस्थापन गर्न सरकारले समयसीमासहितको कार्ययोजना बनाएर अघि बढ्न सम्बन्धित निकायलाई निर्देशन दिएको छ ।

सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिना र ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठको संयुक्त उपस्थितिमा बुधबार बसेको उच्चस्तरीय अन्तरनिकाय बैठकले यस्तो निर्देशन दिएको हो ।

नेपाल दूरसञ्चार प्राधिकरण, नेपाल विद्युत् प्राधिकरण, नेपाल टेलिकम, एनसेल र इन्टरनेट सेवा प्रदायकहरूको छाता संस्था आइस्पानलाई एकीकृत कार्ययोजना बनाएर साउन दोस्रो साताभित्र पहिलो चरणमा उपत्यकाका विभिन्न छ स्थानका प्रयोगविहीन तथा अव्यवस्थित तार हटाउने काम सम्पन्न गर्न निर्देशन दिइएको हो ।

साथै, तार व्यवस्थापनलाई प्रभावकारी बनाउन नेपाल दूरसञ्चार प्राधिकरणले नेतृत्वदायी र नियामकीय भूमिका निर्वाह गर्ने तथा विद्युत प्राधिकरणले आवश्यक सहजीकरण गर्ने, सबै सेवा प्रदायकले आफ्ना तारमा स्पष्ट पहिचान खुल्ने ट्याग अनिवार्य रूपमा राख्ने र सम्बन्धित निकायबिच नियमित समन्वय कायम गर्ने तथा कामको प्रगति समयसमयमा समीक्षा गर्दै नागरिकले छिटो परिणाम महसुस गर्ने गरी कार्यान्वयनमा जोड दिने निर्णयसमेत बैठकले गरेको छ ।

अव्यवस्थित तारका कारण नागरिकको सुरक्षामा जोखिम उत्पन्न हुनुका साथै सहरी सौन्दर्यसमेत बिग्रिएको अवस्थालाई तत्काल सुधार गर्न सरोकारवाला सबै निकायबिच समन्वय गरेर पहिलो चरणमा त्रिपुरेश्वर-कालिमाटी-कलङ्की, जडीबुटी-पेप्सीकोला, त्रिपुरेश्वर-लाजिम्पाट, सामाखुशी-टाउन प्लानिङ-गोंगबु, कीर्तिपुर क्षेत्र तथा पुरानो बानेश्वर-गौशाला-चाबहिल गरी ६ वटा रूटका तार व्यवस्थापन गर्ने र प्रयोगविहीन तार हटाउन निर्देशन दिइएको हो ।

यसअघि दूरसञ्चार प्राधिकरणले गत जेठ २८ गते सार्वजनिक सूचना जारी गर्दै १५ दिनभित्र तार व्यवस्थापन गर्ने निर्देशन दिएको भए पनि त्यसमा अपेक्षित प्रगति हुन सकेको छैन ।

अव्यवस्थित तार व्यवस्थापनका लागि दूरसञ्चार प्राधिकरणले गत जेठ २८ गते सार्वजनिक सूचना जारी गर्दै विभिन्न ६ वटा क्षेत्रमा १५ दिनभित्र चरणबद्ध रूपमा अव्यवस्थित तथा प्रयोगविहीन तार हटाउन निर्देशन दिएको थियो ।

तर, हालसम्म लक्ष्यअनुसार काम सम्पन्न हुन नसक्नुको कारण बारे पनि बैठकमा समीक्षा गरिएको छ ।

**। सम्पादकीय ।**

# सरकारी विज्ञापन निषेध गर्ने सरकारी निर्णय गलत साबित

सरकारले हचुवा ढङ्गले गरेका विभिन्न अदूरदर्शी निर्णयहरूमध्ये सरकारी विज्ञापनमा निजी मिडियामाथिको रोक पनि हो। सरकारले २०८२ चैत १८ गते सरकारी विज्ञापन र सूचनाहरू गोरखापत्र, रेडियो नेपाल, नेपाल टेलिभिजनजस्ता सरकारी स्वामित्वका सञ्चार क्षेत्रलाई मात्रै दिन पाउने निर्णय गरेको थियो। उक्त निर्णय फिर्ता नलिए सञ्चारका विभिन्न सङ्घ संस्थाले आन्दोलन अघि बढाउने कार्यक्रम घोषणा गरेका थिए। यसको लागि सरकारलाई अन्तिमेत्थम् दिइएको थियो। उक्त अन्तिमेत्थम्को अवधि नसकिँदै सर्वोच्च अदालतले असार ३० गते सरकारी विज्ञापन निजी मिडियालाई निषेध गर्ने सरकारको नीतिमा रोक लगाएको छ। निजी सञ्चार क्षेत्रलाई सरकारी विज्ञापन दिन नपाउने सरकारी निर्णय असफल भएको यो अर्को पछिल्लो दृष्टान्त हो। अदालतले सरकारी निर्णय खारेज गरेपछि फेरि निजी क्षेत्रले पनि सरकारी सूचना र विज्ञापन छाप्न पाउने बाटो खुलेको छ। अदालतको उक्त निर्णयले सरकारको निर्णय खारेज हुन्छ र साबिकबमोजिम निजी पत्रिका तथा सञ्चार माध्यममा पनि सरकारी सूचना र विज्ञापन खुला हुनेछ। विज्ञापन छापेबापत विभिन्न पत्रपत्रिकाले पत्रिकाको वर्गीकरणअनुसार पाउँदै आएको लोककल्याणकारी बजेट अबदेखि फेरि निरन्तर पाउनेछन्।

सरकारी निर्णय, सरकारी गतिविधि छाप्दै आएको पत्रपत्रिकालाई सरकारी सूचना र विज्ञापन रोक्ने एकतर्फी निर्णय भएपछि सञ्चारकर्मीहरू सडकमा उत्रेका थिए। सञ्चारकर्मीहरूले सरकारको निर्णय फिर्ता लिन माग गरेपछि सरकारले सो निर्णय खारेज गर्नुपर्ने हो। तर, सरकारले निर्णय फिर्ता लिएन। सर्वोच्चका न्यायाधीशद्वय शारंगा सुवेदी र नृपध्वज निरौलाको संयुक्त इजलासले मङ्गलबार सरकारी निर्णय खारेज गरेपछि सरकार झस्केको छ। अदालतको निर्णयअनुसार सरकारले विज्ञापनबापत दिने सञ्चार क्षेत्रलाई दिँदै आएको लोककल्याणकारी बजेट छुट्याउनुपर्ने हुन्छ। सरकारले विज्ञापनमा निषेध गर्ने निर्णय गरेपछि सो निर्णय खारेज गराउन नेपाल मिडिया सोसाइटीको तर्फबाट अधिवक्ता अनन्तराज लुइँटेलले २०८२ चैत २४ गते सर्वोच्च अदालतमा रिट दायर गरेका थिए।


सरकारको उक्त निर्णय विभेदपूर्ण थियो। सरकारको सो एकतर्फी निर्णय प्रेस स्वतन्त्रता र समानताविरुद्ध थियो। निरन्तर प्रकाशन भइरहेको पत्रिकामा बाधा पुग्ने गरी गरिएको सरकारको विज्ञापन निषेधको निर्णय अप्रजातान्त्रिक कदम थियो। श्रमजीवी पत्रकारहरूको जीवनमा मर्का पर्ने खालको निर्णय सरकारले गर्नु हुँदैनथ्यो। बहुमत प्राप्त सरकारले जे निर्णय गरे पनि कसैले केही गर्न सक्दैन भन्ने अहङ्कारले वर्तमान सरकार निरङ्कुशतातर्फ लागेको आभास हुन्छ। राजनीतिक गतिविधिमाथि नै नियन्त्रण गर्दै जाने सरकार प्रजातान्त्रिक मूल्य र मान्यताविपरीत लागेको प्रस्ट हुन्छ। सञ्चारमाध्यममाथि गरिएको विभेद अन्त्य भएको छ। सरकारको असंवैधानिक निर्णय सच्चिएको छ। अब अदालतको निर्णयअनुसार सरकार अघि बढ्नुपर्छ। अदालतको आदेशले सरकारको निर्णय गलत रहेछ भन्ने कुरा प्रस्ट पारेको छ। यसअघि पत्रकार महासङ्घले एक साताभित्र निर्णय खारेज नभए सिंहदरबारकेन्द्रित आन्दोलन गर्ने चेतावनी दिएको थियो।

# पास्ताः फासीवादविरुद्धको एक हतियार

✍ **मार्जिया माक्काफेरी**

फासीवाद विरोधी आन्दोलनलाई एक भाँडो बढी पाकेको पास्तासँग पनि पस्कन सकिन्छ।

२५ जुलाई १९४३ मा, एक्काइस वर्षको तानाशाहीपछि बेनिटो मुसोलिनीलाई पदच्युत गरी पक्राउ गरियो। दोस्रो विश्वयुद्धमा इटालीको खस्किँदो अवस्थाकाबिच, फासिस्ट ग्राण्ड काउन्सिलले रातीको समयमा मुसोलिनीको विरोधमा उत्रियो र मार्सल पिएत्रो बाडोग्लियोलाई सरकारको प्रमुख नियुक्त गर्‍यो। अफवाह र अविश्वासकाबिच, यो समाचार मौखिक रूपमा बिस्तारै र असमान रूपमा पूरै इटालीभरि फैलियो। धेरैले फासीवादको अन्त्य मात्र भएको ठानेका थिएनन्, बरु युद्ध नै अन्ततः समाप्त हुन लागेको विश्वास गरेका थिए।




उत्तरी इटालीको एमिलिया-रोमान्या क्षेत्रमा पर्ने रेजियो एमिलिया वरपरको ग्रामीण भेगमा, चेर्भी परिवारले खेतको कामबाट फर्केपछि यो समाचार सुने। अल्साइडे चेर्भी, उनकी श्रीमती जेनोएफ्फा र उनीहरूका सात छोरा र दुई छोरीहरू क्याम्पेजिने नजिकैको गात्तातिकोका किसान थिए। तिनीहरू एक क्याथोलिक कृषक परिवार थिए, जसले १९३० को दशकमा नयाँ कृषि प्रविधिहरू विकास गरेका थिए र आफूलाई अधिया खेतीबाट मुक्त गर्न सफल भएका थिए।

तर उनीहरूमा फासीवादविरोधी चेतना पनि विकास भइसकेको थियो। उनीहरूको राजनीति एमिलिया-रोमान्याको लोकतान्त्रिक र समाजवादी परम्पराबाट प्रेरित थियो, जुन कामिल्लो प्राम्पोलिनीसँग जोडिएको मानवतावादी र सुधारवादी समाजवादको नजिक थियो। क्याम्पेजिनेमा, उनीहरूले भूमिगत गतिविधिहरू सङ्गठन गर्न मद्दत गरे, जसमा दिदिमो फेरारी (जसलाई पछि प्रतिरोधी आन्दोलनमा 'कमिसार इरोस' भनेर चिनिन्थ्यो) सँग मिलेर एउटा सानो घुम्ती पुस्तकालय चलाउने काम पनि सामेल थियो।

कतिपय दाजुभाइहरूको राजनीतिक चेतना सैन्य सेवाको क्रममा अझ प्रगाढ बनेको थियो। विशेषगरी आल्दो चेर्भी, फासीवादविरोधी रङ्गमञ्चकी अभिनेत्री लुचिया सार्जीमार्फत कम्युनिस्ट वृत्तको सम्पर्कमा आएका थिए। सन् १९४३ को गर्मीयाममा, सार्जीले भविष्यका प्रमुख कम्युनिस्ट नेता जर्जियो अमेन्डोलासँग मिलेर कोरेजियो नजिकैको ग्रामीण भेगमा लुकाइएको छापाखानामा पार्टीको भूमिगत पत्रिका लुनितो ( l'Unit') का प्रतिहरू पुनः प्रकाशन गर्ने काम गरेकी थिइन्। चेर्भी दाजुभाइहरू पछि जर्मन कब्जाको समयमा छापामार आन्दोलनमा सक्रिय रूपमा संलग्न भएका थिए।

तैपनि, चेर्भी परिवारलाई जुन कार्यका लागि सबैभन्दा बढी सम्झिने गरिन्छ, त्यो एक छाक खाना थियो।

चेर्भी परिवारले बटर र चिज हालेको पास्ता पकाएर क्याम्पेजिनेका जनतालाई निःशुल्क बाँड्दै मुसोलिनीको पतनको उत्सव मनाउने निर्णय गर्‍यो। त्यो पास्ता गात्तातिकोमा पकाइयो र गाउँको चोकसम्म ओसारियो। जुलाई २७ का दिन जब त्यो त्यहाँ आइपुग्यो, पास्ता निकै बढी पाकेर गलिसकेको थियो। कति परिमाणमा बाँडियो भन्ने कुराले खासै महत्त्व राख्दैन। महत्त्व यस कुराको छ कि त्यो प्रचुर मात्रामा तयार पारिएको थियो र कुनै भेदभावबिना सबैलाई बाँडिएको थियो।

यो एक साधारण कार्य थियो, तर तटस्थ भने थिएन। यो तानाशाही, भोक, युद्ध र डरका विरुद्धको एक सामूहिक भोज थियो। आफ्ना सातै जना छोराहरूको सामूहिक हत्याबाट जीवित रहेका बुबा अल्साइडे चेर्भीले पछि जसलाई 'फासिस्ट क्यान्सर' भनी सम्बोधन गरे, त्यसका विरुद्धको यो एउटा सामुदायिक उत्सव थियो। यो ऐक्यबद्धता र भोजनका माध्यमबाट व्यक्त गरिएको भुइँतहको फासीवादविरोधी आन्दोलन थियो। 'नयाँ इटालियन' को फासिस्ट आदर्श अनुशासित, ग्रामीण, पुरुषत्वले भरिएको र सैन्यकृत हुनु थियो। पास्तालाई गर्‍हौँ, शिथिल बनाउने र निन्द्रा जगाउने खानाको रूपमा आलोचना गरिन्थ्यो। यसलाई आधुनिकताविरोधी खानेकुरा ठानिन्थ्यो, जसले कथित रूपमा राष्ट्रको मनोबल कमजोर बनाउँछ भन्ने दाबी गरिन्थ्यो।

तर त्यो आशा लामो समय टिकेन। जुलाई २८ मा, रेजियो एमिलियाको 'ओफिसिने मेकानिके रेजियाने' मा सैनिकहरूले मजदुरहरूमाथि गोली चलाए, जसमा नौ जनाको मृत्यु भयो। अनि बाडोग्लियोको सरकारले पनि शान्ति ल्याउन सकेन। सन् १९४३ सेप्टेम्बरको सुरुमा यसले मित्रराष्ट्रहरूसँग युद्धविरामको सम्झौता गरेपछि, नाजी जर्मनीले उत्तरी-मध्य इटालीमा कब्जा जमायो। चेर्भी दाजुभाइहरूले त्यस क्षेत्रमा पहिलो छापामार दस्ता स्थापना गरे। पक्राउ हुनबाट जोगिन उनीहरू पहाडतिर लागे र पछि पो उपत्यकाको तल्लो तटीय क्षेत्रमा फर्केर काम गर्न थाले, जहाँ उनीहरूले नजिकैका शिविरहरूबाट भागेका भूतपूर्व कैदीहरूलाई लुकाउने र सहयोग गर्ने गर्थे।

सेप्टेम्बर २३, १९४३ मा नाम मात्रको लागि मुसोलिनीलाई पुनः सत्तामा फर्काउँदै नाजीहरूको कठपुतली सरकार 'रेपुब्लिका सोसियाले इतालियाना' (इटालेली सामाजिक गणतन्त्र) को गठन भएपछि, दमन तीव्र रूपमा बढ्यो। डिसेम्बर २८ मा, जेलिन्दो, आन्तेनोरे, आल्दो, फेर्दिनान्दो, आगोस्तिनो, ओभिदियो र एत्तोरे गरी सात चेर्भी दाजुभाइहरूलाई फासिस्टहरूले छापामार क्वार्तो काम्रीसँगै गोली हानी हत्या गरे।

यसैले गर्दा यो पास्ता भोज (पास्तासियुत्ता) को महत्त्व छ। यो अँध्यारो समयका 'असल इटालियनहरू' को बारेमा सुनाइने कुनै भावुक कथामात्र होइन। यो त फासीवादविरोधी आन्दोलन किसान, मजदुर, महिला, पुस्तक र रोटीका तस्कर, भूमिगत पाठक र ती सर्वसाधारण मानिसहरूद्वारा निर्माण गरिएको थियो भनी एउटा स्मरण गराउने कडी हो। जसले दैनिक जीवनका सामान्य कार्यहरूलाई राजनीतिक आन्दोलनमा परिणत गरिदिए।

पास्ताको महत्त्व हुनुको पछाडि अर्को एउटा विशेष कारण पनि छ। आज पास्तालाई इटालियन पहिचानको सबैभन्दा स्पष्ट प्रतीकको रूपमा लिइन्छ। तर सधैँ परिस्थिति यस्तो थिएन। दोस्रो विश्वयुद्धपछि खाद्य उत्पादनको औद्योगिकीकरण हुनुअघि, इटालीको सबै ठाउँमा पास्तालाई एउटै तरिकाले उपभोग गरिँदैनथ्यो। उत्तरको अधिकांश भागमा 'पोलेन्टा' ( मकैको च्याख्लाको खोले जस्तो परिकार) नै मुख्य खाना थियो भने दक्षिणमा अक्सर रोटी बढी महत्त्वपूर्ण थियो।

फासीवादको पास्तासँगको सम्बन्ध द्विविधापूर्ण र अक्सर शत्रुतापूर्ण थियो। आत्मनिर्भरताको सन्दर्भमा, यो शासन व्यवस्था आयातित गहुँमाथिको निर्भरता कम गर्न चाहन्थ्यो। 'नयाँ इटालियन' को फासिस्ट आदर्श अनुशासित, ग्रामीण, पुरुषत्वले भरिएको र सैन्यकृत हुनु थियो। विशेष गरी भविष्यवादी वक्तव्यबाजीहरूमा, पास्तालाई गर्‍हौँ, शरीर गलाउने र निन्द्रा जगाउने खानाको रूपमा आलोचना गरिन्थ्यो। एक आधुनिकताविरोधी खाना जसले राष्ट्रिय भावनालाई कमजोर बनाउँछ भन्ने ठानिन्थ्यो। पास्ताको विरुद्धमा फिलिप्पो तोम्मासो मारिनेत्तीको उग्र तर्कले मानिसका शरीर, रुचि, बानी र दैनिक जीवनलाई नियन्त्रण गर्ने फासीवादको चाहनाको वास्तविक रूपलाई उजागर गर्‍यो।

त्यस पृष्ठभूमिमा, पास्ताको सार्वजनिक वितरण केवल एक छाक भोजन मात्र नभएर फासिस्ट अनुशासनप्रति एक चुनौती थियो। दैनिक जीवनलाई नियन्त्रण गर्ने राज्यको प्रयासविरुद्ध नागरिक समाजले चालेको यो एउटा कदम थियो। यो एउटा राजनीतिक उपहार थियो, यसो भन्ने माध्यम थियो कि: 'हामी अझै यहाँ छौँ; हामी अझै पनि एक ठाउँमा भेला हुन सक्छौँ; हामी अझै बाँडेर खान सक्छौँ; हामी अझै फासीवादपछिको जीवनको परिकल्पना गर्न सक्छौँ।'

एमिलिया-रोमान्यामा, पास्ताले एउटा फरक र मौन तर व्यवस्थाविरोधी महत्त्व बोकेको थियो। धेरै समाजवादी परिवारहरूमा, परम्परागत रूपमा मे १ ( मई दिवस) का दिन खाइने 'काप्प्रेलेत्ती इन ब्रोद' ( cappelletti in brood) समुदाय र राजनीतिक आबद्धताको प्रतीक बन्यो। काप्प्रेलेत्तीमाथि कहिल्यै प्रतिबन्ध लगाइएको थिएन। बरु, फासिस्ट शासनले सन् १९२३ मा मई दिवसलाई नै खारेज गरिदियो, जसले मजदुरहरूको बिदालाई नामेट पार्‍यो र यसका रीतिरिवाजहरूलाई दबायो। तैपनि यो परम्परा बन्द कोठाहरूभित्र जीवितै रह्यो। मे १ का दिन काप्प्रेलेत्ती तयार पार्नु र बाँडेर खानु प्रतिरोधको एउटा सुक्ष्म कार्य बन्यो, जुन शासनले मेटाउन चाहेको स्मृतिलाई जीवित राख्ने माध्यम थियो। मोदेना प्रान्तको कार्पीमा रहेको मेरो परिवारमा, हामीले त्यसबेलादेखि नै प्रत्येक मे १ का दिन 'काप्प्रेलेत्ती इन ब्रोदो' खाने चलनलाई निरन्तरता दिँदै आएका छौँ।

युद्धपछि, नवगठित इटालेली गणतन्त्रमा चेर्भी परिवारको सम्झना राजनीतिक रूपमा तटस्थ रहेन। इटालेली कम्युनिस्ट पार्टी (पार्तितो कमुनिस्ता इतालियाना) ले ती सात दाजुभाइहरूलाई प्रतिरोधी आन्दोलनको एउटा ठुलो लोकप्रिय मिथकमा रूपान्तरण गरिदियो। यदि एन्टोनियो ग्राम्सी कुनै अर्थमा इटाली र विश्वको फासिवादविरोधी आन्दोलनका प्रमुख बौद्धिक किंवदन्ती बने भने, चेर्भी परिवार किसान, शहीद, दाजुभाइ र जनताका सन्तानका रूपमा त्यस आन्दोलनको जनस्तरमा स्थापित एउटा अमर मिथक बन्यो।

धेरै वर्षसम्म, चेर्भी परिवारको पास्ता भोज रेजियो एमिलियामा मुख्य रूपमा एक स्थानीय स्मृतिका रूपमा मात्र सीमित रह्यो। शीतयुद्धको अन्त्यपछि मात्र यसलाई व्यापक फासीवादविरोधी उत्सवको रूपमा पुनर्जीवित गर्न थालियो। सन् १९७४ देखि सङ्ग्रहालयको रूपमा रहेको गात्तातिकोस्थित चेर्भी घर सङ्ग्रहालयका स्वयंसेवकहरूले सन् १९८८ मा, जुलाई २५ का दिन पास्ताका परिकारहरू पस्कँदै एक नयाँ फासीवादविरोधी पास्ता भोजको आयोजना गरे। सन् १९९० को दशकको मध्यदेखि यता, यो एक नियमित कार्यक्रमको रूपमा स्थापित भएको छ।

आज यो इटालीका धेरै सहरहरूमा र विदेशमा पनि आयोजना गरिन्छ। जहाँ-जहाँ आप्रवासी, विभिन्न सङ्घ-संस्था, विद्यार्थी, श्रमिक, राजनीतिक समुदाय र म जस्ता विश्वविद्यालयका प्राध्यापकहरूमार्फत इटालीको फासिवादविरोधी स्मृति पुग्छ। पास्ताको एक प्लेट र र लाम्ब्रुस्कोको एक गिलासका साथ इतिहास र स्मृतिबारे केहीबेर छलफल आयोजना गर्ने म पनि त्यसैको एउटा उदाहरण हुँ। यस अर्थमा, यो पास्ता भोज (पास्तासियुत्ता) एक अन्तर्राष्ट्रिय फासीवादविरोधी अनुष्ठान बनेको छ।

**तर आजको समयमा फासीवादविरोधी पास्ता उत्सव मनाउनुको अर्थ के हो ?**

स्मृतिले महत्त्व राख्छ र यो नागरिक जीवनको एउटा हिस्सा हो। तर इतिहास त्योभन्दा बढी केही हो। ऐतिहासिक रूपमा सोच्नुको अर्थ कारणहरू, रूपान्तरणहरू, संस्थाहरू, वर्गीय सम्बन्धहरू, राजनीतिक भाषाहरू, सांस्कृतिक पदानुक्रमहरू र प्रभुत्वका स्वरूपहरूका बारेमा प्रश्न उठाउनु हो। यदि स्मृतिले संरक्षण गर्न सक्छ भने, इतिहासले तरङ्गित पनि बनाउनुपर्छ। स्मृतिले भन्छ: 'नबिर्स।' इतिहासले सोध्छ: 'त्यो कसरी सम्भव भयो, त्यो किन भयो, के परिवर्तन भयो र के भएन ?'

त्यो भिन्नता महत्त्वपूर्ण छ किनभने आज फासीवादको प्रश्नलाई अक्सर गलत ढङ्गले प्रस्तुत गरिन्छ। यदि स्मृति इतिहासबाट अलग भयो भने, फासीवादविरोधी आन्दोलन केवल एक कर्मकाण्ड मात्र बन्न सक्छ। आज फासीवादविरोधी आन्दोलन फेरि 'आधुनिक र आकर्षक' जस्तो देखिन सक्छ। यसका

*बाँकी पृष्ठ ७ मा*

# अध्यक्ष रोहितको संस्मरणका केही पृष्ठ

*(नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) को संस्मरणका केही पृष्ठ यहाँ प्रस्तुत छन् । विभिन्न पत्रपत्रिकामा प्रकाशित भइसकेका यी सङ्क्षिप्त संस्मरणात्मक लेखहरू हुन् -सं)*

## प्रधानमन्त्री चाउ एन-लाइको सौहार्दपूर्ण व्यवहार

सन् १९५९-६० मा म एसियाली अफ्रिकी युवा तथा विद्यार्थीहरूको स्वास्थ्य निवासमा थिएँ । पेइचिङको २० किलोमिटर उत्तरतिर पाताचु भन्ने ठाउँमा स्वास्थ्य निवास थियो । स्वास्थ्य निवास बसेको २-४ महिनापछि पेइचिङको पार्क र अन्य ऐतिहासिक सङ्ग्रहालयहरूमा घुमाउन लगियो । ५-६ महिनापछि अन्य सभा समारोहहरूमा समेत सहभागी गराइएँ ।

त्यसबेला चीनमा एसियाली र अफ्रिकी ठुला र साना देशका राष्ट्रपति र प्रधानमन्त्रीहरूको भ्रमण भइरहन्थ्यो । अतिथिहरूका स्वागत समारोह र रात्रिभोजहरूमा म पनि सहभागी हुन्थेँ । ती समारोहहरू धेरैजसो जनप्रतिनिधि सभा भवनमै हुन्थे । सयौँ सहभागी हुने ती समारोहहरूमा आ-आफ्नो स्थान नामसहित निश्चित टेबुलको बन्दोबस्त गरिएको हुन्थ्यो ।

म बस्ने टेबुलमा सधैँ चीन-नेपाल मैत्री सङ्घका एक पाको चिनियाँ मित्र हुन्थे । साथै चिकित्सक र दोभाषे पनि हुन्थे । विदेशी पाहुना र चिनियाँ नेताहरूको औपचारिक भाषणपछि चिनियाँ प्रधानमन्त्री चाउ एन लाई विभिन्न टेबुलमा पुगी सहभागीहरूसँग भलाकुसारी गर्नुहुन्थ्यो । म सधैँ नेपाली पोशाक र भादगाउँले कालो टोपी लगाएको हुन्थेँ । प्रधानमन्त्री चाउ एन लाई हरेक पटक हामी बसेको स्थानमा पुग्नुहुन्थ्यो; मेरो स्वास्थ्यबारे चिकित्सकहरूसँग सोध्नुहुन्थ्यो र दोभाषेले मलाई अनुवाद गर्थे । प्रधानमन्त्री चाउ एन लाईले मेरो शीघ्र स्वास्थ्यलाभको कामनाका साथै घरबाट चिठीपत्र आउने नआउने विषय र माता-पिताबारे पनि सोधपुछ गर्नुहुन्थ्यो ।

नेपालका प्रधानमन्त्री बीपी कोइरालाको स्वागत समारोहको दिन औपचारिक समारोहपछिको भेटघाटमा बीपी कोइरालालाई स्वास्थ्य निवासमा साथीहरूले भेटघाटका लागि आग्रह गर्दा उहाँले चाउ एन लाईलाई आफू विद्यार्थीहरूसँग भेट्न चाहेको बताउनुभयो । चाउ एन लाईले आफ्ना सहयोगीलाई कार्यक्रम मिलाउन भन्नुभयो ।

अहिले ५९-६० वर्षपछि म प्रम चाउ एन लाईको नेपाल र नेपाली जनताप्रतिको सद्भाव सम्झिरहन्छु । त्यसबेला म २० वर्षको थिएँ । स्वास्थ्य लाभपछि नेपाल फर्कें । पछि समारोहहरूमा एउटै टेबुलमा बरोबर भेटघाट हुने पाको चिनियाँ मित्रलाई नेपालमा पहिलो राजदूतको रूपमा भेट भयो । उहाँले भन्नुभयो, "चिन्नु भयो ?" "अँ मैले चिनेँ, महामहिमलाई हाम्रो देश नेपालमा स्वागत छ," मैले भनेँ । "हामी पुराना मित्र हौँ," उहाँले भन्नुभयो । मैले भनेँ, "अवश्य, नेपाली र चिनियाँ जनता पुराना र असल मित्र हौँ ।"

युवावस्थाको चिनियाँ बसाइँ, चिनियाँ जनता र नेताहरूको नेपालप्रतिको सौहार्दता र उहाँहरूको नेपाल भ्रमणहरूको सम्झना आज पनि मलाई ताजा लागिरहेको छ ।

## चिनियाँ नापित मित्रसँग

स्वास्थ्य निवासमा एक जना विद्यार्थीको कपाल काट्न एक घण्टाको पास दिइन्थ्यो । म कपाल काट्न ठीक समयमा पुग्दा नापित मित्र एकजना सेवाग्राहीलाई बिदा दिई चुरोट खाइरहेका थिए । चुरोट खाँदासम्म पुरानो चीनमा उनको स्थानबारे मैले सोधेँ, "क्रान्तिभन्दा पहिले तपाईं के गर्नुहुन्थ्यो ?"

"म एक जमिनदार थिएँ," उनले जवाफ दिए ।

"तपाईंको खेतमा अब कसले काम गर्छ ?"

"सबै खेत किसानहरूलाई बाँडेँ ।"

"किन ?" मैले प्रश्न गरेँ ।

"भूमिसुधारमा, खेत जोत्ने किसानले पाउँछ ।"

"तपाईंले किन आफ्नो खेत जोत्नुभएन ?"

"म आफ्नो खेत जोत्न सक्दिनथेँ । मैले यही पेसा रोजेँ ।"

उनीसँगको कुराकानीअनुसार आफ्नो नयाँ पेसाबाट उनी सन्तुष्ट थिए । सरकारबाट कर्मचारीसरह तलब पाउँथे ।

## मन्दिर र विहारको बन्दोबस्त

स्वास्थ्य निवासमा बस्दा समय-समयमा निवासबाट बिदा लिएर चीनका विभिन्न प्रान्तका मन्दिर र विहारहरूको भ्रमण गर्दा सबै ठाउँ साह्रै सफा देखिन्थे । धार्मिक दृष्टिकोणले आउने मानिसहरू साह्रै कम देख्थेँ । तर, घुम्न र बुझ्न आउने मानिसहरू बढी देखिन्थे ।

त्यहाँ सेवा गर्ने पुजारी वा भिक्षुहरूसँगको कुराकानीमा २-४ वटा प्रश्न गरेँ । यो मन्दिर र विहारको निर्माण कसले गरेको ? यसको जग्गा वा गुठी के भयो ? अब यहाँको खर्च र मर्मत सम्भार कसले गर्छ ? पुजारी वा भिक्षुको बन्दोबस्त कसरी हुन्छ ?

यी सबै प्रश्नहरूको उत्तर सबैबाट एउटै किसिमको आउँथ्यो । यो प्राचीन मठमन्दिर र विहार हो । क्रान्तिपछि यसको पुन: निर्माण भएको हो । यस मन्दिरको पुन: निर्माण प्रधानमन्त्री चाउ एन लाईको निर्देशनमा भएको थियो । यसको जग्गा भूमिसुधारको बेला जोताहा किसानहरूमा वितरण भयो । त्यसपछि सबै आवश्यक खर्च सरकारले गर्छ । पुजारी र भिक्षुहरूको बन्दोबस्त पनि सरकारबाटै हुन्छ । चीनका यी सबै बन्दोबस्तहरूजस्तै नेपालका मठ मन्दिरहरूको बन्दोबस्त पनि सरकारबाट हुनुपर्ने हो । सङ्घ राज्यको बन्दोबस्त भइसकेको हुँदा मध्यमस्तरको मठमन्दिरको बन्दोबस्त प्रदेशको रेखदेखमा, स-साना मन्दिर वा स्मारकहरू क्षमताअनुसारको स्थानीय निकायलाई दिनु उचित हुन्छ । स्थानीय निकाय र प्रदेशले नसक्ने सबै मठ-मन्दिर र सांस्कृतिक धरोहरहरूको मर्मत सम्भार र पुन: निर्माण केन्द्रले बेहोर्नुपर्ने हुन्छ । तर, भौगोलिक हिसाबले अहिलेसम्मको स्थिति हेर्दा केन्द्र वा पुरातत्त्व विभाग र गुठीले २० प्रतिशतमात्र काम गर्न सकेको हुँदा स्थानीय निकाय र प्रदेशलाई समेत जिम्मा दिइनु व्यावहारिक हुने देखिन्छ ।

## पत्रकारिता र लेखनमा मेरो झुकाउ

पञ्चायतकालमा शिक्षण पेसा स्वतन्त्र विचार राख्ने व्यक्तिहरूको निम्ति सुरक्षित पेसाको रूपमा लिइन्थ्यो । सबैजसो विद्यालयहरू सरकारी थिए र एक दुई विद्यालय आजको भाषामा निजी वा अर्धसरकारी थिए ।

यसकारण, पत्रकारिता र लेखन पेसामा मैले आफूलाई समर्पित गर्ने विचार गरेँ । भक्तपुरमा त्यसबेला माध्यमिक विद्यालयहरूमा गोरखापत्र र हालखबरजस्ता एक दुई वटा पत्रिका नियमित आउँथे । त्यसबेला शिक्षकहरूसमेत पत्र-पत्रिकामा बिदा, राशीफल या हास्यव्यङ्ग्यका स्तम्भ हेर्थे । एकाध शिक्षकहरू देश-विदेशका समाचार, सरकारी सूचना र चिठीपत्र स्तम्भ हेर्थे । निजी विद्यालयहरूका युवा शिक्षकहरू मात्रै टीकाटिप्पणी गर्थे र अन्य पत्रपत्रिका हेर्थे ।

गौर बस्दा पत्रपत्रिका हेर्ने बानी बसेको थियो । बौद्धिक विकास मण्डल (चोछेँको पुस्तकालय) र नासमनास्थित जनज्योति पुस्तकालयमा देशी र विदेशी दैनिक तथा अन्य पत्रपत्रिका हेर्ने दैनिकीले आफ्नो झुकाव र जनतालाई संसारको वास्तविक स्थितिबारे सूचना प्रवाह गर्न तथा सचेत गराउन पत्रकारिताको ठुलो हात हुने सम्झेँ । त्यही समझदारीको कारण साप्ताहिक समीक्षाको फसिकिवा वा रञ्जना सिनेमा हलको दक्षिण पश्चिम कुनाको कार्यालयमा पुगेँ । तुलनात्मक रूपले मोटो चस्मा लगाएका सम्पादक मदनमणिजीले हप्ताको एउटा लेख बजारभाउबारे वा अन्य विषयमा लेख भन्नुभयो ।

त्यसबेला भक्तपुरमा किसान कार्यकर्ताहरूको मोहियानी हक जोगाउने, बाली बुझाएर भर्पाई किसानलाई दिलाउने अभियान, बाली काट्ने आन्दोलन र भ्रष्टाचारविरोधी गतिविधिहरू निरन्तर चल्दै थिए । त्यस्ता समाचारहरू नयाँ साथीहरूमार्फत घण्टाघरनिरको 'मातृभूमि' साप्ताहिकमा पठाउने गरेँ । रञ्जना सिनेमा हलकै पूर्वी लाममा 'नयाँ समाज' साप्ताहिकको कार्यालय थियो । पशुपतिदेव पाण्डे सम्पादक र बाल मुकुन्ददेव पाण्डे सह-सम्पादक थिए । तर, मलाई उहाँहरूको राजनैतिक पृष्ठभूमि थाहा थिएन । ती पत्रिकामा चीनका बारेमा लामा लामा लेखहरू छापिन्थे । धेरैजसो चीनको कृषि, उद्योग, शिक्षा आदिबारे नेपाली अनुवाद छापिन्थ्यो । त्यसमा म पनि नेपाल-चीन मैत्री सम्बन्ध र साम्राज्यवादविरोधी लेख तथा समाचारहरू पठाउँथेँ । तर, कार्यालयमा कहिल्यै पशुपतिदेव पाण्डेसँग भेट भएन ।

'मातृभूमि' प्रेसमा म 'भियतनाम परिचय' शीर्षकको सानो पुस्तिका छपाउन गएको थिएँ । पुस्तिकामा स्वाभाविक हिसाबले भूमिकामा भियतनामी जनताको समर्थन र अमेरिकी आक्रमणको विरोध गरिएको थियो । भक्तपुरमा त्यसबेला गाईजात्रा, गठेमुङ्गल (गाठामोगचरे) जस्ता जात्रामा अमेरिकी राष्ट्रपतिहरूप्रति व्यङ्ग्य गरिएका प्रहसनहरू पनि देखाइन्थे र त्यस्ता कार्यक्रमहरू दबाउन प्रहरी गतिविधिहरू बढ्दै थिए । त्यही सिलसिलामा सहअञ्चलाधीश र त्यसबेलाका परराष्ट्र सचिवले मित्रराष्ट्र अमेरिकाको राष्ट्रपतिको नाम नै किटेर आलोचना गरिएको हुँदा पुस्तिका स्वीकृति नहुने भनी जफत गरे ।

झण्डै एक-दुई वर्षपछि २०२४ सालमा 'चीन-भ्रमण' छपाउन मातृभूमि प्रेस पुगेँ । पुस्तक तयार भयो, त्यो पुस्तक पनि स्वीकृत भएन र जफत गरी जलाइदिएको कुरा सुनेँ । काका मदनकृष्ण हाडाले "तिमीले पत्रिका चलाउने हो भने प्रेस र कागज सरकारबाटै आउँछ, एउटा साप्ताहिक चलाउनु" भने । मलाई सरकारी सहयोगमा पत्रिका चलाउने इच्छा लागेन ।

त्यसैबेला भक्तपुरमा एकपछि अर्को किसान आन्दोलनले निरन्तरता पायो, म पनि भक्तपुर नगरको ८ वार्डबाट निर्वाचित सदस्य थिएँ । मेयर (प्रधानपञ्च) र साथीहरू कार्यालयमै पक्राउमा परे । साथीहरूको निर्णयले म भूमिगत भएँ । साथीहरू छुटेपछि म पुन: अध्ययनलाई चालू राख्न चाहन्थेँ । तर, एकजना छुट्थ्यो र दुईजना नयाँ साथी पक्राउ पर्थे । यो क्रमले निरन्तरता पायो र मेरो अध्ययन चालू राख्ने तथा पत्रकारिता वा लेखनी पेसाको सपना एक राजनीतिक कार्यकर्ताको रूपमा परिणत भयो ।

भूमिगतकालमा साथीहरूलाई राजनीतिकरूपले सचेत पार्न एक गेस्नर (लिथो मेसिन) को बन्दोबस्त गरी 'लाल झन्डा' नामको २-४ पृष्ठको पत्रिका प्रकाशन गर्न उत्साहित गरेँ । विद्यार्थीहरूलाई 'विद्यार्थी बुलेटिन' प्रकाशन गराई 'अखिल' को 'स्वतन्त्र विद्यार्थी युनियन' बारेको दृष्टिकोणको सैद्धान्तिकरूपले खण्डन सुरु भयो । त्यसबेला अन्तर्राष्ट्रिय क्षेत्रमा रूसी र चिनियाँ कम्युनिस्ट पार्टीको अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा सैद्धान्तिक सङ्घर्षपछि 'विद्यार्थी फेडरेसन' निष्क्रिय भयो र अमेरिकी समर्थनमा 'फ्री वर्ल्ड' को शैलीले 'फ्री स्टुडेन्ट युनियन' ( स्वतन्त्र विद्यार्थी युनियन) को सिलसिला देखियो । त्यसबेला पाटनबाट एक गुप्त पत्रिका 'जनसङ्घर्ष' लिथो गरी प्रकाशित हुन्थ्यो ।

भारत प्रवासको सुरुमा मैथिली भाषामा एक प्रगतिशील बुलेटिन प्रकाशित गर्ने सोच थियो । तर, दरभङ्गा जिल्लाकै केही साहित्यकार साथीहरूसँगको सल्लाहमा 'आधार' भन्ने ८ पृष्ठको हिन्दी बुलेटिन सुरू गरियो । त्यसले भारतका केही क्षेत्र र नेपालको तराईमा परिवर्तनवादी दृष्टिकोणको प्रचारको काम गर्‍यो । २-४ महिनामै भारतीय गुप्तचर विभागले नेपालको तराईबाटै थाहा पाई अग्नी पुष्प, डण्डवी रोडको ठेगाना पत्ता लगाएर प्रेसलाई धम्की दियो र 'आधार' बुलेटिन बन्द भयो । अग्नी पुष्प पटनामा अर्को पत्रिकामा पुगे ।

केही दिनपछि 'समाचार-सन्देश' हिन्दीमै प्रकाशित गरियो । विहारका नक्सलवादी हाम्रो दृष्टिकोण थाहा पाएर सम्पर्कमा आए । तिनीहरूसँग हाम्रो दृष्टिकोण मेल खाएन ।

तिनीहरू हामीलाई र तत्कालीन 'झापा गुट' लाई 'समान दूरी' मा राख्न चाहन्थे, हामीले एउटा देशमा एउटामात्र 'कम्युनिस्ट' पार्टी रहन्छ तर विदेशी हस्तक्षेप उपयुक्त नभएको बताएपछि त्यो कुरा अगाडि बढेन । त्यसै सिलसिलामा 'समाचार - सन्देश' पनि केही अङ्क छापिएपछि प्रेसले छाप्न मानेन, भारतीय मित्रहरू पनि पछि हटे ।

पाकिस्तानमा भुट्टोको हत्यापछि काठमाडौँमा विद्यार्थी आन्दोलन अगाडि बढ्यो र दरभङ्गामा 'ध्रुवतारा' भन्ने नयाँ हिन्दी बुलेटिन साथी अवधेशको सहयोगमा सुरू भयो । नेपालमा वामपन्थी आन्दोलन पनि अगाडि बढ्यो, जनमतसङ्ग्रहको घोषणा भयो, पञ्चायती सरकारले राजनीतिक व्यक्तिहरूको पक्राउ आदेश फिर्ता लियो र आममाफीको घोषणा भयो । 'जनताको साहित्य' ६ अङ्कसम्म भारतमै प्रकाशित भयो र हामी काठमाडौँ पुग्यौँ ।

काठमाडौँमा सबै कम्युनिस्ट भनिने दलहरूको पत्रिका प्रकाशित हुन्थ्यो तर नेमकिपालाई स्वीकृति दिइएन । त्यही विषयलाई लिएर एकजना साथीले राजाको सचिवसँग पक्षपात भएको व्यहोरा राख्दा उनले भनेछन्, "दिल्लीभन्दा पेइचिङ धेरै टाढा छ ।" हामीले 'आधार' नामको एउटा साप्ताहिक बुलेटिन प्रकाशित गर्‍यौँ, पाटनको एक प्रेसबाट । प्रेसवालाले भन्न सुरू गर्‍यो, "खालि भेरी, कर्णालीको समाचार छापिन्छ, अञ्चलाधीश कार्यालयले हामीसँग सोधपुछ गर्दै छ ।" अनेक पटकको चेतावनीपछि ठीक एक वर्षमा 'आधार' बन्द भयो ।

बनेपाका साथीहरूको सहयोगले हामीले 'साकार' चलाउन सुरू गर्‍यौँ । ठीक एक वर्षपछि नाम वालाले पत्रिका बन्द गर्ने जनाउ दियो । 'साकार' पनि बन्द भयो । २०५०/५१ मा 'साप्ताहिक श्रमिक' ले दर्ता पायो र २६ वर्षदेखि लगातार प्रकाशित हुँदै छ । त्यस्तै 'मजदुर' दैनिक २०५५-५६ सालमा दर्ता भयो । २१ वर्षदेखि निरन्तर चालू छ । त्यसपछिका हाम्रा साथीहरूको पत्रकारिताका गतिविधिबारे सबै साथीहरू अवगत हुनुहुन्छ ।

## रामहरि जोशीको सम्झनामा !

२००७ सालभन्दा पहिले नै पूर्णबहादुर एम.ए. र अरूसँग मिलेर कलकत्तामा अङ्ग्रेजीमा पत्रिका प्रकाशित गरी राणाविरोधी सङ्घर्षमा लागेका रामहरि जोशी २९ असार २०७४ मा बित्नुभयो । ४ जनवरी १९२८ मा सर्लाहीको सदरमुकाम मलङ्गवामा जन्मनुभएका जोशीले विद्यार्थीकालदेखि नै नेपाल राष्ट्रिय काङ्ग्रेस र नेपाली काङ्ग्रेसमा रही राणाविरोधी सङ्घर्षमा निरन्तर लाग्नुभयो । अङ्ग्रेजी साहित्यमा सन् १९५७ मा एम.ए. गर्नुभयो र अनेक आन्दोलन, सङ्घर्ष एवम् जेलजीवन बिताउँदै उहाँ आफ्नै जिल्लामा शिक्षक बनेर नयाँ पुस्ता तयार गर्न लाग्नुभयो ।

जनता, हिमाल, हिमाल सन्देश (साप्ताहिक), राष्ट्र पुकार र नेकाको मुखपत्र 'नेपाल पुकार' को बनारस र काठमाडौँमा उहाँले सहसम्पादक, सञ्चालक समिति, आजीवन सदस्य र सम्पादकको रूपमा काम गर्नुभयो । *(हिमाल, साप्ताहिक, १-७ साउन २०७४)*

निरन्तर काम गर्न चाहनु हुने तर आत्म-प्रशंसाबाट टाढा र कर्तव्यलाई प्राथमिकता दिनुहुने रामहरि जोशीले दुइटा कवितासङ्ग्रह, नेपालको नोभेम्बर क्रान्ति, २०४६ सालको आन्दोलन : विश्वको आँखी झ्यालबाट, अतीतका केही सम्झनाहरू, आत्मकथा तथा नेपाली काङ्ग्रेस र अँध्यारोबाट उज्यालोतिर (२०७१) का साथै एक अनुवाद साहित्य र केही बाल विज्ञान परिचयजस्ता पाठ्यपुस्तकसमेत लेख्नुभयो । उहाँले राजनीतिमा आफू प्रकाशमा आउनेबाहेक सबै काम गर्नुभयो ।

नेपालका कति इमानदार राजनीतिक नेता र कार्यकर्ताहरूमा विचारको स्पष्टताको अभाव देखिन्थ्यो, त्यसमा जोशीजी पनि अपवाद हुनुहुन्न । भारतमा बसेर राणाविरोधी सङ्घर्षमा लागेका एक पुस्ता गान्धीवाद र समाजवादी चिन्तनबाट प्रभावित भए भने दोस्रो पुस्ता 'गान्धीवादको शव परीक्षा', 'गान्धी र उनका वाद' र 'वैज्ञानिक समाजवाद' का प्रवर्तक बने । पुरानो पुस्तामा सैद्धान्तिक र राजनैतिक स्पष्टताको अभाव उहाँहरूका पछिल्ला अभिव्यक्तिहरूबाट थाहा हुन्छ ।

बारम्बार नेपाली काङ्ग्रेस सरकारमा गयो, खुसामदी र चिप्लो घस्ने कति कार्यकर्ता मन्त्री, राजदूत र अनेक पदहरूमा पुगे तर तिनीहरूबाट देश र जनताको यथोचित सेवा भएको अनुभूति गरिएन । जीवनको अन्ततिर जोशीजीले प्रस्ट गर्नुभयो - "सबै पैसाकै पछाडि दौडिएका छन् । मेरो किताबका लागि समय दिने फुर्सद कसलाई छ र ?!" *(नेपाल साप्ताहिक, ८ साउन २०७४)*

तर, उहाँलाई थाहा भएन - नेहरूको आलोचना गरिएको 'पुस्तकको विमोचन प्रम सुशील कोइरालाले कसरी गर्न सक्थे ! जीवनभर तराईको निम्ति आन्दोलन गर्नुभयो, उहाँकै घरमा आगो लाग्यो तर गृहमन्त्री सिटौलाले वास्तै गरेनन् । सायद, यी सबै देखेर उहाँलाई कहिलेकाहीँ पश्चाताप हुँदो हो र 'कन्फेसन' लेख्नुभयो ! सायद प्रकाशित भएको छैन । 'अहिले काङ्ग्रेसमा जुझारूपन नै भएन, पैसा र पावरको प्यादामात्र बने' '...आफ्नो रोगभन्दा काङ्ग्रेसमा लागेको रोग' बारे चिन्तित हुनुहुन्थ्यो जोशी । सोचेको र सम्झेको भन्दा फरक परिणामले उहाँको आँखामा पानी भरिनु स्वाभाविक हो । नि:स्वार्थ रूपमा देश र जनताको सेवा गर्नेहरूको यही अनुभव छ । नेपाली काङ्ग्रेस वा एमाले र जनतामा पनि आलोचनात्मक दृष्टिकोणको विकास र सूक्ष्म रूपले अध्ययन गर्ने परम्परा भइदिएको भए सायद त्यसो नहुँदो हो ।

उहाँले शिक्षामन्त्री छोड्नुभयो र संस्कृतिमन्त्री हुनुभयो, कारण थियो शिक्षा अधिकारी । शिक्षक र अन्य नियुक्ति हुनेहरूसँग उहाँले रकम उठाउन सक्नुभएन । यी सबैले निष्ठा र सरलताभन्दा सैद्धान्तिक सङ्घर्षशीलता आवश्यक भएको स्पष्ट छ । हो त 'सोझो हुनु भनेको बेबकुफ हुनु हो, जसले पनि ठग्छन् मात्रै !' एक फ्रान्सेली भनाइ छ - "आतङ्कबिनाको सहयोग मूर्खता हो र सहयोगबिनाको आतङ्क डकैती हो ।" यस्तो यथार्थ जीवनबाट जोशीजी माथि हुनुहुन्थ्यो । उहाँलाई इमानदार नेपालीहरूले सम्झिरहनेछन् - उहाँको नेपाली काङ्ग्रेससँग फरक मत राखेर पनि !

## साहित्यकार बालकृष्ण पोखरेलको सम्झना

साहित्यकार बालकृष्ण पोखरेललाई मैले उहाँको साहित्यिक रचनाहरूबाट एक प्रगतिशील व्यक्तित्वको रूपमा २०१९-२० साल अगाडिदेखि नै थाहा पाउँदै आएको थिएँ । बालकृष्ण पोखरेलजीसँग मेरो पहिलो परिचय काठमाडौँमा नेपाल-रूस मैत्री सङ्घमा भएको थियो । भाषाकै सम्बन्धमा एक अनौपचारिक कुराकानीको बेला नेपाल-रूस मैत्री सङ्घका अध्यक्ष कृष्णप्रसाद भण्डारीले परिचय गराई दिनुभएको थियो । विभिन्न नाउँमा उहाँका रचनाहरू पढेको थिएँ तर लेखक बालकृष्ण पोखरेल हुनुहुन्छ भन्ने थाहा थिएन । कुराकानीमा नेपालमा नेपालभाषा, तामाङ, नेपाली, भोजपुरी र अन्य विदेशी भाषा र प्रगतिशील साहित्यबारे छलफल भएको थियो ।

बालकृष्ण पोखरेलजीका रचनाहरूको सम्झना हुँदा बल्लभमणि दाहालबारे पनि सम्झना हुन्थ्यो । २०४५ सालको 'भक्तपुर काण्ड' को सिलसिलामा हामी जेलमा हुँदा बल्लभमणि दाहालको याद आयो र हाम्रा साहित्यहरू उहाँसम्म साथीहरूले पुर्‍याउनुभयो । जेलबाट छुटेपछि दाहालजीसँग बरोबर औपचारिक र अनौपचारिक भेटघाट हुन्थ्यो । एक पटक चीनमा पनि उहाँसँग भेट भयो ।

नेपाल मजदुर किसान पार्टीको एउटा कार्यक्रमको सिलसिलामा विराटनगर बसाइँमा बालकृष्ण पोखरेलको याद आयो । साथी नरेन्द्र हुमागाईंसँग पोखरेलजी भेट्ने कार्यक्रम राख्ने विचार राखेँ । नरेन्द्रजीले फोन नम्बर दिनुभयो र मैले सम्पर्क राखेँ । बालकृष्णजी खुसी भएर नरेन्द्रजीकहाँ आफै आउने बताउनुभयो र एक छिनपछि एकठेली आफ्ना पुस्तकहरू लिएर पुग्नुभयो ।

लामो समयदेखि साहित्यबारे बालकृष्णजीको प्रगतिशील साहित्य र कम्युनिस्ट आन्दोलनबारे भइरहेको सैद्धान्तिक पक्षधरता कता हो भन्नेबारे जिज्ञासा राखेँ । आफ्नो बनारस बसाइँकै बेला नेपालका एक चर्चित र तत्कालीन मुख्य नेताबाट नेपालको राष्ट्रिय भाषा नै हिन्दी भाषा हुनुपर्छ भन्ने सुनेपछि नेपालको कम्युनिस्ट आन्दोलनप्रति विरक्त भएर राजीनामा दिएको बताउनुभयो । आफू भाषा र साहित्यमै समर्पित भइसकेको हुँदा नेपाल कम्युनिस्ट आन्दोलनमा सैद्धान्तिक सङ्घर्षमा लागेर पार नपाउने देख्नुभयो र वाम-राजनीतिमा पछि फर्केर पनि हेर्नु भएन, त्यो भेटघाटबारे सम्झिरहन्थेँ । तर, अचानक बालकृष्ण पोखरेलको असामयिक निधन भएको समाचारले म र हाम्रा साथीहरूलाई स्तब्ध पार्‍यो । नेपाली भाषा र साहित्यमार्फत उहाँले गर्नुभएको सेवाका कारण नेपाली सचेत जनताले बालकृष्ण पोखरेल एक प्रगतिशील साहित्यकारको रूपमा सम्झिरहनेछन् ।

**बाँकी पृष्ठ ७ मा**



प्रजातान्त्रिक जनगणतन्त्र कोरियाको राजधानी प्योङयाङमा जुलाई १३ र १४, २०२६ मा सम्पन्न कोरियाली समाजवादी महिला सङ्घको आठौं महाधिवेशन र सहभागी प्रतिनिधिहरू । महाधिवेशनले जोन हयाङ सुनको अध्यक्षतामा सङ्घको नयाँ केन्द्रीय समिति चयन गरेको छ ।

*तस्बिर : केसिएनए*

# अमेरिकाद्वारा होर्मुजमा सैनिक नाकाबन्दी पुनः लागू

तेहरान, १५ जुलाई (एएफपी) । अमेरिकी सेनाले इरानमा आक्रमण जारी राख्दै होर्मुजलगायतका बन्दरगाहहरूमा नौसैनिक नाकाबन्दी पुन: लागू गरेको जनाइएको छ ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले हार्मुज जलमार्ग प्रयोग गर्ने जहाजहरूमा २० प्रतिशत कर लगाउने आफ्नो योजना फिर्ता लिएको केही घन्टापछि पुन: आक्रमण भएको थियो भने मध्यपूर्वमा भड्किएको युद्धले विश्वव्यापी ऊर्जाको मूल्यमा उछाल ल्याएको जनाइएको छ ।

तेहरानले प्रमुख तेल ढुवानी कोरिडोर हार्मुजलाई नियन्त्रण गर्ने कुरामा जोड दिएको छ भने जुन गत फेब्रुअरीको अन्त्यमा अमेरिका- इजरायली आक्रमणले द्वन्द्व निम्त्याउनुअघि स्वतन्त्र आवागमनका लागि खुला थियो ।

इरानको रिभोलुसनरी गार्ड्सले नयाँ अमेरिकी नाकाबन्दीले अमेरिकाका आर्थिक प्रतिद्वन्द्वीहरू सहित विश्वमा तेल तथा ग्याँसको निर्यातमा कटौती गर्दै अमेरिका र सहयोगीहरूको अन्य सेवा मार्गहरू पनि बन्द हुन सक्ने चेतावनी दिएको छ ।

यस क्षेत्रबाट हुने तेल र ग्यास निर्यात सहज भए सबैका लागि उपलब्ध हुने तर युद्ध भड्किए कसैका लागि पनि उपलब्ध नहुने जनाइएको छ ।

इरानी उपविदेशमन्त्री काजेम गरिबाबादीले गत महिना शत्रुता रोक्न र शान्ति वार्तालाई अगाडि बढाउनका लागि भएको अन्तरिम सम्झौतालाई उल्लेख गर्दै नाकाबन्दी पुनर्स्थापना गर्ने अमेरिकी निर्णयले इस्लामाबाद सम्झौतालाई ध्वस्त पारेको बताउनुभएको छ ।

पाँचौं दिनमा प्रवेश गरेको लगातारको झडपमा, युएस सेन्ट्रल कमाण्ड (सेन्टकम) ले 'व्यापारिक जहाज र नागरिक कर्मचारीहरूलाई धम्की दिने इरानको क्षमतालाई कम गर्न' देशको तटमा रहेको जलमार्ग र अन्य दर्जनौं इरानी सैन्य लक्ष्यहरू प्रहार गरेको बताएको छ ।

इरानी मिडियाले बन्दरगाह सहर बन्दर अब्बास नजिकै, केशम टापु र बन्दर इमाम खोमेनीमा विस्फोट भएको रिपोर्ट गरेका छन् ।

आक्रमणको लगत्तैपछि बहराइनमा साइरन बजेर कुवेत र जोर्डनले इरानबाट फायर गरिएका ड्रोन तथा मिसाइलहरू रोकेको रिपोर्ट गरिएको छ ।

आईआरएनए समाचार एजेन्सीले इरानी सेनाले जोर्डनको सैन्य अड्डामा ड्रोन आक्रमण गरेको रिपोर्ट गरेको छ जहाँ अमेरिकी लडाकु विमानहरू राखिएको छ ।

यदि तेहरान वार्ताको टेबलमा फर्किएन भने ट्रम्पले अर्को हप्ता पावर प्लान्ट र पुलहरूमा आक्रमण गर्ने चेतावनी दिएको फक्स न्यूजले जनाएको छ ।

लडाकुहरूको जवाफी कारवाही जारी रहनेछ, र संयुक्त राज्य अमेरिकाले आफ्नो आक्रमणको कार्यहरू अन्त्य नगरेसम्म स्ट्रेट अफ होर्मुज बन्द रहने गार्डहरूले विज्ञप्ति जारी गर्दै जनाएका छन् ।

मङ्गलबार ओमानको तटमा अज्ञात उपकरणले गर्दा भएको विस्फोटले नर्वेको ट्याङ्करमा ठोक्किएको सङ्कट प्रतिक्रिया कम्पनी एमटिआई नेटवर्कले जनाएको छ ।

यसैगरी, कुवेतले इरानी क्षेप्यास्त्र र ड्रोन ब्यारेजको क्रममा यसको एउटा नौसेना जहाजमा प्रहार भएको र चालक दलका चार सदस्य घाइते भएको बताएको छ । इरानी मिडिया र आधिकारिक घोषणाहरूलाई उद्धृत गर्दै एएफपीले गत हप्तादेखि इरानमा नयाँ अमेरिकी आक्रमणमा कम्तीमा २८ जनाको मृत्यु भएको जनाएको छ ।

# इरानमाथि अमेरिकी आक्रमण तीव्र

तेहरान, १५ जुलाई (एएफपी) । अमेरिकाले इरानविरुद्धको सैन्य अभियानलाई थप तीव्र बनाउँदै लगातार चौथो दिन मङ्गलबार पनि विभिन्न स्थानमा आक्रमण गरेको छ । साथै, इरानी बन्दरगाहतर्फ आउने-जाने जहाजहरू रोक्ने उद्देश्यसहित नौसैनिक नाकाबन्दी पुन: लागू गरेपछि वासिङ्टन र तेहरानबिचको तनाव थप चुलिएको छ । इरानी पक्षले यस कदमले युद्धविराम तथा शान्ति वार्ताका लागि भएको सहमति प्रभावकारी रूपमा समाप्त भएको जनाएको छ ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले तेहरानले वार्तामा नआए अर्को सातादेखि इरानका विद्युत् उत्पादन केन्द्र र रणनीतिक पुलहरूलाई लक्षित गरी आक्रमण अझ विस्तार गरिने चेतावनी दिएका छन् । फक्स न्युजसँगको अन्तर्वार्तामा उनले इरान वार्तामा सहमत नभएसम्म ऊर्जा पूर्वाधार र पुलहरू ध्वस्त पार्ने अभियान जारी रहने निर्लज्ज घोषणा गरे । यसअघि हर्मुज जलडमरु हुँदै आवतजावत गर्ने जहाजमाथि अतिरिक्त शुल्क लगाउने योजना भने उनले फिर्ता लिएका छन् ।

अमेरिकी सेनाको सेन्ट्रल कमान्ड (सेन्टकम) ले पछिल्लो आक्रमणको उद्देश्य हर्मुज जलडमरुमा व्यावसायिक जहाजमाथि आक्रमण गर्न प्रयोग हुने इरानी सैन्य क्षमता कमजोर पार्नु रहेको जनाएको छ ।

इरानी सरकारी सञ्चारमाध्यमहरूले बन्दर अब्बास, हर्मुज नजिकको केशम टापु तथा अन्य स्थानमा विस्फोट भएको जनाएका छन् । स्थानीय अधिकारीहरूका अनुसार अमेरिकी आक्रमण बुसेहर प्रान्तका विभिन्न स्थान, त्यहाँ रहेको इरानको एकमात्र नागरिक आणविक विद्युत् केन्द्र तथा इराक र कुवेत सीमावर्ती क्षेत्रमा समेत केन्द्रित थियो ।

इरानी सरकारी समाचार एजेन्सी इरनाले त्यसको प्रत्युत्तरमा इरानी सेनाले जोर्डनस्थित अमेरिकी लडाकू विमान रहेको सैन्य अड्डामा ड्रोन आक्रमण गरेको जनाएको छ । रिभोलुसनरी गार्ड्सले बहराइनमा अमेरिकी सैन्य सुविधा र आवासीय संरचनालाई लक्षित गरी मिसाइल तथा ड्रोन प्रहार गरिएको दाबी पनि गरेको छ ।

इरानका उपविदेशमन्त्री काजेम गरिबाबादीले अमेरिकी नौसैनिक नाकाबन्दी पुन: लागू गर्ने निर्णयले वासिङ्टनसँग द्वन्द्व रोक्न भएको इस्लामाबाद सम्झौतालाई प्रभावहीन बनाएको बताउनुभयो ।

यसैबिच अन्तर्राष्ट्रिय समुद्री सङ्गठनका अनुसार हर्मुज जलडमरुमा दुईवटा जहाजमाथि भएको आक्रमणमा दुई चालकदल सदस्यको मृत्यु भएको छ । ओमानको तट नजिक अज्ञात विस्फोटका कारण नर्वेली तेल ट्याङ्करमा क्षति पुगेको एमटिआई नेटवर्कले जनाएको छ भने कुवेतले इरानी क्षेप्यास्त्र र ड्रोन आक्रमणका क्रममा आफ्नो एउटा नौसैनिक जहाजमा प्रहार हुँदा चार सैनिक घाइते भएको जनाएको छ ।

इरानी सञ्चारमाध्यम र सरकारी विवरणको आधारमा एएफपीले सङ्कलन गरेको तथ्याङ्कअनुसार गत सातादेखिको अमेरिकी आक्रमणमा इरानमा कम्तीमा २८ जनाको मृत्यु भइसकेको छ ।

तनाव क्षेत्रीय रूपमा फैलिँदै जाँदा बहराइनले इरानबाट प्रहार गरिएका धेरै हवाई आक्रमणहरू निष्क्रिय बनाइएको दाबी गरेको छ भने जोर्डनले पनि इरानबाट प्रहार गरिएका चारवटा क्षेप्यास्त्र खसालिएको जनाएको छ ।

**अमेरिकी आक्रमण नरोकेसम्म हर्मुज नखुल्ने इरानको चेतावनी**

यसैबिच इरानको इस्लामिक रिभोलुसनरी गार्ड्स (आईआरजिसी) ले अमेरिकाले आफ्नो 'आक्रमणकारी गतिविधि' अन्त्य नगरेसम्म विश्वकै प्रमुख ऊर्जा पारवहन मार्गमध्ये एक हर्मुज जलडमरु बन्द रहने चेतावनी दिएको छ । साथै, अमेरिकाको हितसँग जोडिएका अन्य क्षेत्रीय तेल तथा ग्यास निर्यात मार्गहरू पनि निशानामा पर्न सक्ने आइआरजिसीको भनाइ छ ।

फेब्रुअरीको अन्त्यदेखि जारी अमेरिका-इरान द्वन्द्वका कारण खाडी क्षेत्रबाट हुने तेल तथा ग्यास ढुवानीमा गम्भीर असर परेको छ । विशेषगरी विश्व ऊर्जा आपूर्तिको महत्त्वपूर्ण मार्ग मानिने हर्मुज जलडमरुमा अवरोध उत्पन्न भएपछि अन्तर्राष्ट्रिय ऊर्जा बजारमा समेत चिन्ता बढेको छ ।

इरानी सरकारी टेलिभिजन आइआरआइबीका अनुसार आइआरजिसीले अमेरिकी आक्रमणको प्रत्युत्तरस्वरूप बहराइन र कुवेतस्थित अमेरिकी सैन्य सुविधामाथि आक्रमण गरिएको जनाएको छ । त्यससँगै अमेरिकाको आर्थिक तथा रणनीतिक हितसँग सम्बन्धित समुद्री ऊर्जा मार्गहरू थप जोखिममा पर्न सक्ने चेतावनी पनि दिइएको छ ।

आईआरजिसीले जारी गरेको विज्ञप्तिमा अमेरिकाले आफ्नो समुद्री गतिविधिमार्फत विश्वव्यापी तेल तथा ग्यास आपूर्ति शृङ्खलामा प्रभाव पार्ने प्रयास गरेको आरोप लगाउँदै त्यसको परिणामस्वरूप अमेरिकाका सहयोगी राष्ट्रहरूले प्रयोग गर्ने अन्य ऊर्जा निर्यात मार्गहरू पनि अवरुद्ध हुन सक्ने उल्लेख गरिएको छ । यद्यपि, कुन-कुन मार्ग प्रभावित हुन सक्छन् भन्नेबारे कुनै विवरण सार्वजनिक गरिएको छैन ।

विज्ञप्तिमा 'यस क्षेत्रबाट हुने तेल र ग्यास निर्यात या त सबैका लागि हुनेछ वा कसैका लागि पनि हुनेछैन' भन्ने चेतावनीसमेत दिइएको छ । आइआरजिसीले आफ्नो प्रतिकारात्मक कारबाही निरन्तर जारी रहने र अमेरिकाले आक्रमण नरोकेसम्म हर्मुज जलडमरु बन्द रहने स्पष्ट गरेको छ ।

# मोन्टेनेग्रोको चराको आश्रय सङ्कटमा

उल्सिन्ज (मोन्टेनेग्रो), १५ जुलाई ( एएफपी) । मोन्टेनेग्रोको उल्सिन्ज सेलिना क्षेत्रमा रहेको भूमध्यसागरकै ठूलो नुन उत्पादन क्षेत्र संरक्षण अभावका कारण तीव्र रूपमा नष्ट हुँदै गएको भन्दै वातावरणविद्हरूले तत्काल पुन:स्थापनाको माग गरेका छन् । उनीहरूका अनुसार समयमै आवश्यक कदम नचालिए युरोपका लागि अत्यन्त महत्त्वपूर्ण प्रवासी चराको प्रमुख विश्रामस्थल गुम्ने जोखिम बढेको छ ।

हरेक वर्ष हजारौं फ्लेमिङ्गो, पेलिकन तथा अन्य प्रवासी चरा अफ्रिका र युरोपबिचको बसाइँसराइका क्रममा उल्सिन्ज सेलिनामा विश्राम गर्छन् । तर, सन् २०१३ मा नुन उत्पादन बन्द भएपछि नुनिलो पानीको व्यवस्थापन रोकिँदा चराहरूको प्राकृतिक बासस्थान क्रमश: बिग्रँदै गएको वातावरणविद्हरूले बताएका छन् ।

वातावरण अभियन्ता जेनेपा लिकाले अहिलेको अवस्थालाई तत्काल सुधार नगरे केही वर्षमै यस क्षेत्रको मौलिक स्वरूप हराउन सक्ने चेतावनी दिनुभयो । उहाँका अनुसार नुन उत्पादन बन्द भएसँगै जलाशयको नियमित व्यवस्थापन रोकिएकाले जैविक विविधता निरन्तर घटिरहेको छ ।

उल्सिन्जमा करिब एक शताब्दीअघि नुन उत्पादन सुरु भएको थियो । नुनिलो पानी पम्प गरेर सञ्चालन गरिने कृत्रिम जलाशयले नुन उत्पादनसँगै प्रवासी चराका लागि उपयुक्त वातावरण पनि सिर्जना गरेको थियो । यही कारण यो क्षेत्र युरोपका प्रमुख चराको बसाइँसराइ मार्गमध्ये एकको महत्त्वपूर्ण विश्रामस्थलका रूपमा विकसित भएको थियो ।

विज्ञहरूका अनुसार सेलिनाले कम्तीमा सात प्रजातिका चराको विश्वव्यापी जनसङ्ख्याको एक प्रतिशतभन्दा बढी हिस्सा आश्रय दिने भएकाले यसको अन्तर्राष्ट्रिय संरक्षण महत्त्व छ । सन् २०१९ मा यस क्षेत्रलाई रामसर महासन्धिअन्तर्गत अन्तर्राष्ट्रिय महत्त्वको सिमसार क्षेत्रका रूपमा सूचीकृत गरिएको थियो । तर, कानुनी मान्यता पाए पनि संरक्षणका लागि आवश्यक व्यवस्थापन प्रभावकारी रूपमा हुन नसकेको वातावरणविद्हरूको भनाइ छ ।

स्थानीय बासिन्दाका लागि नुन उद्योग रोजगारी, पहिचान र गर्वको विषय पनि थियो । तर, कम्पनी आर्थिक सङ्कटमा परेर बन्द भएपछि विशाल नुन गोदाम, जलाशय र अन्य संरचना जीर्ण बनेका छन् । पूर्व नुन उद्योगका कर्मचारीहरूले संरक्षणसँगै नुन उत्पादन पुन: सञ्चालन गर्नुपर्ने माग गर्दै आएका छन् ।

यसै वर्ष मोन्टेनेग्रो सरकार र उल्सिन्ज नगरपालिकाले करिब ४० लाख युरोको संयुक्त लगानीमा क्षेत्रलाई प्रकृति आरक्षका रूपमा सञ्चालन गर्दै नुन उत्पादन पुन: सुरु गर्ने योजना सार्वजनिक गरेका छन् । युरोपेली सङ्घ (इयु) को सदस्यता प्रक्रियासँग सम्बन्धित वातावरणीय मापदण्ड पूरा गर्न पनि यो परियोजनालाई महत्त्वपूर्ण मानिएको छ ।

तर, स्थानीय पत्रकार मुस्तफा कान्काले प्रस्तावित बजेट पर्याप्त नहुने बताउँदै नुन उद्योग पुन: सञ्चालन र सम्पूर्ण क्षेत्रको पुन:स्थापनाका लागि यसभन्दा धेरै लगानी आवश्यक पर्ने धारणा राख्नुभयो । उहाँले समस्या समाधानका लागि आवश्यक अध्ययन भइसकेकाले अब निर्णय कार्यान्वयनमा केन्द्रित हुनुपर्ने बताउनुभयो ।

# एआई नियमन गर्ने कानुन बनाउने अस्ट्रेलियाको घोषणा

सिड्नी, १५ जुलाई (एएफपी) । अस्ट्रेलियाले 'आर्टिफिसियल इन्टेलिजेन्स' (एआई) प्रयोग गर्न मार्गदर्शन तय गर्न र रचनात्मक प्रतिलिपि अधिकारको रक्षा गर्न आवश्यक कानुन बनाउने तयारीमा रहेको प्रधानमन्त्री एन्थोनी अल्बनिजले घोषणा गर्नुभएको छ ।

सरकारको नीति तथा कार्यक्रम निर्धारणसम्बन्धी भाषणमा, अल्बेनिजले एआईमाथि जनताको चिन्ता कम गरी यसलाई राष्ट्रिय हिततर्फ अघि बढाउने तरिका अपनाउन सकिने बताउनुभएको छ ।

एआईमा विश्वास निर्माण गर्न र राष्ट्रिय सुरक्षाको रक्षा गर्न अर्को वर्ष पेस गरिने प्रस्तावित नयाँ कानुनबारे छलफल गर्न अस्ट्रेलियाका राज्य र क्षेत्रका नेताहरूबिच छलफल हुने जनाइएको छ ।

अस्ट्रेलियाले बालबालिकाका लागि सामाजिक सञ्जाल प्रयोगमा प्रतिबन्ध लगाउन अन्य देशहरूको नेतृत्व गरेको उल्लेख गर्दै उहाँले तर अस्ट्रेलियाको सन्दर्भमा एआईलाई आकार नियमन गर्ने चुनौती अझै ठूलो भएको जनाइएको छ ।

अमेरिकी स्टार्टअप एन्थ्रोपिकले एआई मोडेलहरूको प्रशिक्षणमा सहयोग गर्न प्रतिलिपि अधिकार कानुन परिवर्तन गर्न अस्ट्रेलियाका अधिकारीहरूसँग समन्वय गरेको कुरा यस हप्ता बाहिर आएपछि अल्बनिजको घोषणा आएको हो ।

यसैबिच सङ्गीतकार, लेखक तथा प्रकाशकहरूले यस्तो दबाबको प्रतिरोध गर्न र आफ्नो कामको रक्षा गर्न सरकारलाई आग्रह गरेका छन् ।

कुनै पनि कम्पनीले कलाकारको नियन्त्रणबिना एआई निर्माण गर्न वा तालिम दिन अस्ट्रेलियाली पुस्तक, सङ्गीत, कला वा समाचार प्रयोग गर्नु नहुने बताउँदै यस्ता कार्यहरू गैरकानुनी भएको उहाँले बताउनुभएको छ ।

सरकारी तथ्याङ्कअनुसार मार्चसम्मका तीन महिनामा देशको आर्थिक वृद्धिमा डाटा सेन्टरमा भएको लगानी सबैभन्दा ठूलो योगदान भएको जनाइएको छ ।

अल्बानिजले सरकारले अस्ट्रेलियाको रोजगार बजारमा एआईको प्रभाव अहिलेसम्म नदेखेको बताउनुभएको छ ।

सरकारले आफ्नो विभागको नीति निरीक्षण गर्न समर्पित कार्यालयसहित एआईप्रति आफ्नो प्रतिक्रिया अगाडि बढाउने उहाँले बताउनुभएको छ ।

# अलैँचीले फेरिँदै लमजुङका किसानको दैनिकी

लमजुङ, ३१ असार । 'कालो सुन' का रूपमा परिचित अलैँचीले लमजुङका किसानको जीवनस्तर सुधारमा महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ । विसं २०४१ देखि जिल्लामा विस्तार हुन थालेको सो खेती अहिले प्रमुख नगदेबालीका रूपमा स्थापित भएको छ ।

पहाडी भूगोल, चिस्यानयुक्त वातावरण तथा खोल्सा-खोल्सी र छायाँ पर्ने जमिन अलैँची खेतीका लागि उपयुक्त मानिन्छ । यही कारण जिल्लामा यसको खेती विस्तार हुँदै गएको छ । वैदेशिक रोजगारीबाट फर्किएका युवा त्यस खेतीतर्फ आकर्षित हुन थालेपछि लमजुङ अलैँची उत्पादनको महत्त्वपूर्ण क्षेत्रका रूपमा परिचित बन्दै गएको छ ।

मर्स्याङ्दी गाउँपालिका-७ छिनखोलाका अजय तामाङ दुबईबाट फर्किएर नगदेबालीमा लाग्नुभएको छ । उहाँले ४० रोपनीमा अलैँची खेती विस्तार गर्नुभएको छ । दाना र बिरुवा बिक्रीबाट उहाँले वार्षिक करिब रु. १५ लाख बराबर आम्दानी गर्दै आउनुभएको छ ।

उहाँ नेपाल अलैँची व्यवसायी महासङ्घ गण्डकी प्रदेशका संयोजक हुनुहुन्छ भने यसअघि लमजुङ शाखाको अध्यक्षको जिम्मेवारी पनि सम्हालिसक्नुभएको छ ।

उहाँका अनुसार केही वर्षअघि गाउँमै पर्याप्त आम्दानीको आधार नभएपछि रोजगारीका लागि गाउँ छाडेर सहर जानुपरेको थियो । अलैँची खेतीको सम्भावना देखेर उहाँ गाउँ फर्किनुभएको हो । अहिले यही व्यवसायबाट परिवारको खर्च धान्दै सम्मानजनक आम्दानी गर्न सफल भएको र गाउँमै बसेर पनि राम्रो भविष्य बनाउन सकिने उहाँले बताउनुभयो ।

नेपाल अलैँची व्यवसायी महासङ्घ लमजुङका अध्यक्ष सोमबहादुर तामाङ पनि वैदेशिक रोजगारीबाट फर्किएर अलैँची खेतीमा सफल हुनुभएको छ । दश वर्ष मलेसियामा रोजगारी गरेर फर्किनुभएका उहाँले बेँसीसहर नगरपालिका-१० खाँचेमा २५ वर्षदेखि उक्त खेती गर्दै आउनुभएको छ ।

एक रोपनीबाट सुरु गरिएको खेती अहिले ३० रोपनीभन्दा बढी क्षेत्रफलमा विस्तार भएको छ । केही वर्षअघि रोगका कारण पुराना बोट हटाएर नयाँ बिरुवा लगाउनुपरे पनि अहिले बगान पुनः राम्रो अवस्थामा पुगेको छ । यस वर्ष उहाँले थप नयाँ बिरुवासमेत रोप्नुभएको छ ।

उहाँका अनुसार रोग लाग्नुअघि गाउँका धेरै किसानले वार्षिक रु. १५ लाखभन्दा बढी आम्दानी गर्ने गरेका थिए । पछिल्ला केही वर्ष रोग र मूल्यका कारण आम्दानी घटे पनि यस वर्ष उत्पादन र मूल्य दुवैमा सुधार आएपछि किसान उत्साहित भएका छन् ।

सो खेतीबाट प्राप्त आम्दानीले उहाँले चितवनमा एक कठ्ठा जग्गा खरिद गर्नुभएको छ भने गाउँमै चारकोठे घर निर्माण गर्नुभएको छ । विदेशमा भन्दा आफ्नै गाउँमा परिवारसँग बसेर कृषि व्यवसाय गर्दा कम दुःखमा राम्रो आम्दानी गर्न सकिने अनुभव उहाँको छ ।

अलैँची खेतीकै कारण पहिले बाँझिँदै गएका पाखापखेरा अहिले हराभरा बगानमा परिणत भएका छन् । गाउँ छाडेर गएका केही युवा पनि फर्किएर खेतीमा लाग्न थालेका छन् । यसले गाउँ उजाडिनबाट जोगाउनका साथै स्थानीयस्तरमै रोजगारी र आम्दानीका अवसर बढाएको उहाँले बताउनुभयो । मर्स्याङ्दी गाउँपालिका-७ छिनखोलाकी चित्रमाया तामाङले चालु आर्थिक वर्षमा जिल्लामै सबैभन्दा बढी रु. २० लाख बराबरको अलैँची बिक्री गर्नुभयो ।

जिल्लाका आस गुरुङ, कामरासी गुरुङ, दिलमाया गुरुङ र भुपाल कुँवरलगायतका किसानले पनि यस खेतीबाट वार्षिक रूपमा राम्रो आम्दानी गर्दै आउनुभएको छ । जिल्लामा सबैभन्दा बढी अलैँची उत्पादन र कारोबार मर्स्याङ्दी गाउँपालिकामा हुने गरेको उहाँको भनाइ छ ।

मर्स्याङ्दी गाउँपालिका-५ का गज घले पनि पाँच वर्षअघि वैदेशिक रोजगारीबाट फर्किएपछि अलैँची खेतीमा लाग्नुभएको हो । हाल सात रोपनी क्षेत्रफलमा अलैँची खेती गर्दै आउनुभएका उहाँले वार्षिक रु. पाँच लाखसम्म आम्दानी गर्दै आउनुभएको छ ।

विदेशको रोजगारी छाडेर आफ्नै गाउँमा अलैँची खेती गर्दै परिवारसँग बस्न पाउँदा सन्तुष्ट रहेको र आगामी दिनमा व्यवसायलाई अझ विस्तार गर्ने सोच रहेको उहाँले जानकारी दिनुभयो ।

मर्स्याङ्दी गाउँपालिका-७ लुदीका सोमबहादुर तामाङले पनि मलेसियामा १० वर्ष रोजगारी गरेपछि स्वदेश फर्किएर अलैँची खेतीलाई व्यावसायिक बनाउनुभएको हो । एक रोपनीबाट सुरु गरिएको खेती अहिले ३० रोपनीभन्दा बढीमा विस्तार भएको छ । यस वर्ष चार क्विन्टलभन्दा बढी अलैँची उत्पादन हुने र करिब रु. आठ लाख आम्दानी हुने उहाँले सुनाउनुभयो ।

उहाँका अनुसार विदेशमा भन्दा आफ्नै गाउँमा परिवारसँग बसेर कम दुःखमा राम्रो आम्दानी गर्न सकिएको छ । अलैँची खेतीबाट घरपरिवारको खर्च धान्नुका साथै अन्य कृषि व्यवसाय विस्तार गर्न पनि सहज भएको उहाँको अनुभव छ ।

कम लगानी र तुलनात्मक रूपमा कम मिहिनेतमै राम्रो आम्दानी गर्न सकिने भएकाले अलैँची खेतीको भविष्य राम्रो रहेको उहाँले बताउनुभयो । मूल्यमा हुने उतारचढाव, रोग व्यवस्थापन र उत्पादनमा आउने कमी अझै पनि कृषकका मुख्य चुनौतीका रूपमा छन् ।

केही वर्षअघि रोगका कारण धेरै बगान प्रभावित भए पनि अहिले नयाँ बिरुवा विस्तार भएसँगै उत्पादन क्रमशः सुधार हुँदै गएको छ । विगतका केही वर्ष मूल्य सन्तोषजनक नभए पनि यस वर्ष प्रतिकिलो रु. एक हजार ८०० देखि रु. दुई हजार ५०० बराबरको मूल्य पाएपछि किसान उत्साहित भएका छन् ।

# अर्जेन्टिनाका पूर्व युद्ध-सैनिकहरूले इङ्ल्यान्डसँगको सेमिफाइनलको लागि फूटबलमा ध्यान केन्द्रित गर्न आग्रह !

*(खेलकुदको एउटा ठूलो प्रतिद्वन्द्विताको रूपमा २०२६ संस्करणको सेमिफाइनलमा अर्जेन्टिनाले इङ्ल्यान्डको सामना गर्नु एउटा रोमाञ्चक भिडन्त हुनेछ ।)*

अर्जेन्टिनाका युद्धका दिग्गज सैनिकहरूको एक महासङ्घले फूटबल समर्थकहरूलाई दक्षिण एटलान्टिक टापुहरूमा सार्वभौमिकताको दाबीलाई अगाडि बढाउने प्लेटफर्मको रूपमा खेल प्रयोग गर्नुको सट्टा इङ्ल्यान्डविरुद्धको विश्वकप सेमिफाइनलअघि खेलमा ध्यान केन्द्रित गर्न आह्वान गरेको छ ।

सन् १९८२ मा अर्जेन्टिना र बेलायतबिच ब्रिटिसहरूले फकल्यान्ड र अर्जेन्टिनीहरूले माल्भिनास भनेर चिनिने टापुलाई लिएर छोटो द्वन्द्व भयो, जसमा ६४९ अर्जेन्टिनी सैनिक र २५५ बेलायती लडाकुहरू मारिए ।

समूहले प्रशंसकहरू र व्यापक जनतालाई घृणा वा विदेशीप्रति (Xenophobia) घृणालाई बढावा नदिई द्वन्द्वमा मारिएका अर्जेन्टिनी सैनिकहरूको सम्झनालाई सम्मान गर्न आग्रह गरेको छ ।

"हाम्रो राष्ट्रिय संविधानमा समावेश गरिएको शान्तिपूर्ण, गैरवार्तालापयोग्य दाबीमार्फत अन्तर्राष्ट्रिय मञ्चहरूमा सार्वभौमसत्ताको रक्षा गरिन्छ ।" अप्रिल २ को युद्ध भेटेरान्स फेडरेसनले एक विज्ञप्तिमा भन्यो ।

खेलकुदको जोश र राष्ट्रिय उद्देश्यबिच स्पष्ट र अटल रेखा कोर्नु आवश्यक ठान्छौँ ।

बल गुड्छ, हाम्रा रङहरूमा गर्व बढ्छ तर सम्झना अक्षुण्ण रहन्छ ।

संयुक्त अधिराज्यले टापुहरूमा सार्वभौमिकताको दाबी गर्छ र त्यहाँ सैन्य उपस्थिति कायम राख्छ जबकि अर्जेन्टिनाले कूटनीतिक माध्यमहरू र संयुक्त राष्ट्र सङ्घसहित अन्तर्राष्ट्रिय निकायहरूमार्फत आफ्नो दाबीलाई निरन्तरता दिइरहेको छ ।

यद्यपि, अर्जेन्टिनाका खेलाडी र प्रशिक्षक कर्मचारीहरूले बिहीबारको खेलको पूर्वसन्ध्यामा प्रतिद्वन्द्विताको चर्चालाई शान्त पार्न खोजेका छन् । म्यानेजर लियोनेल स्कालोनीले एटलान्टामा भेट्दा फूटबलबाहेक अरू केही दाउमा नहुने बताएका छन् ।

सोमबार इङ्ल्यान्डका गोलकिपर जोर्डन पिकफोर्डले पनि सोमबार सेमिफाइनल 'केवल फूटबलको खेल' भएको बताए ।

"यो दुई गर्विला राष्ट्रहरू हुन् । फूटबलले आफ्नो कुरा आफै गर्नेछ," पिकफोर्डले पत्रकारहरूलाई भने ।

अर्जेन्टिना र इङ्ल्यान्डले अन्तर्राष्ट्रिय फूटबलको सबैभन्दा चर्चित प्रतिद्वन्द्विता साझा गर्छन् जसमा धेरै उच्च-प्रोफाइल विश्वकप भेटहरू भएका छन्, जसमा सन् १९८६ को क्वार्टरफाइनल पनि समावेश छ जसमा म्याराडोनाको प्रसिद्ध 'ह्यान्ड अफ गड' गोल थियो ।

*अल जजीरा*

***पास्ता...***

प्रतीकहरू सजिलैसँग फैलिन्छन्: गीतहरू, नाराहरू, टिसर्टहरू, पोस्टरहरू, सामाजिक सञ्जालका पोस्टहरू, राता सलहरू, पुराना चित्रहरू र छापामार शैलीहरू । यो नराम्रो कुरा होइन । राजनीतिक संस्कृतिहरूलाई आफ्ना अनुष्ठान र भावनात्मक गहिराइको आवश्यकता पर्छ । तर फासीवादविरोधी प्रतीकहरूलाई तिनीहरूको सन्दर्भ र राजनीतिक सारतत्वबाट रित्तो पारेर, केवल एक नैतिक सजावटको रूपमा प्रयोग गरिने जोखिम पनि रहन्छ । फासीवादविरोधी आन्दोलन वास्तवमै व्यवहारमा उतारिनुको सट्टा एउटा फितलो 'ब्राण्ड', जीवनशैली वा सांस्कृतिक विशिष्टता देखाउने माध्यममा मात्र सीमित हुने जोखिम हुन्छ ।

फासीवादको सबैभन्दा सटिक परिभाषाहरूमध्ये एक भित्तोरियो फोआले दिएका थिए, जो एक समाजवादी छापामार थिए र पछि इटालीको युद्ध पछिको गणतन्त्रमा सांसद बने । उत्तर-फासिस्ट मुभिमन्तो सोसियाले इतालियाना (Movimento Sociale Italiano) बाट निर्वाचित एक सिनेटरलाई जवाफ दिँदै फोआले भनेका थिए: 'यदि तपाईंहरूले जितेको भए म जेलमा हुने थिएँ । किनकि हामीले जित्यौँ, त्यसैले तपाईं सिनेटर हुनुहुन्छ ।' उनले यो सङ्केत गरेका थिए कि फासीवादविरोधी आन्दोलन असहमतिलाई दबाउनु होइन, बल्कि लोकतान्त्रिक असहमतिलाई सम्भव बनाउने परिस्थिति हो ।

निस्सन्देह, विशेष गरी इटालीमा अझै पनि फासिवादप्रतिको एक प्रकारको अतित मोह बाँकी छ: मुसोलिनीको जन्मथलो प्रेदाप्पियोको तीर्थयात्रा, रोमन शैलीका सलामीहरू, फासिस्टकालीन स्मृतिचिह्नहरूको सङ्ग्रह, र 'दुचे' प्रतिको विकृत व्यक्तिपूजा ।

तैपनि, योभन्दा गम्भीर खतरा लोकतन्त्रको खोक्रोपन, अधिकारहरूको क्षयीकरण, राजनीतिक हिंसाको सामान्यीकरण र सामाजिक समस्याहरूलाई धपाउनुपर्ने शत्रुमा परिणत गर्ने राजनीतिक भाषाहरूको पुनरागमनमा निहित छ । यो सधैँ फासीवादजस्तो नदेखिन सक्छ, यसले उदारवादी लोकतन्त्रको औपचारिक दायराभित्रै रहेर काम गर्न सक्छ । यसले सुरक्षा, परम्परा, राष्ट्र, धर्म, प्राकृतिक परिवार, वा व्यावहारिक ज्ञानको भाषा बोल्न सक्छ । यसले आफैलाई तानाशाहीको रूपमा प्रस्तुत नगर्न सक्छ; यसले आफैलाई र आफ्ना विरोधीहरू, चाहे ती प्रवासी, कलाकार, महिलावादी, मजदुर, बुद्धिजीवी, न्यायाधीश, एलजीबीटीक्यू (LGBTQ) आन्दोलन वा पत्रकार नै किन नहुन्, का विरुद्ध आफूलाई 'जनता' को रूपमा प्रस्तुत गर्न सक्छ ।

वास्तविक खतरा फासीवाद फर्कँदैछ भन्ने होइन । बल्कि, आजको खतरा के हो भने फासीवादलाई इतिहासविहीन बनाइँदैछ, यसलाई अन्य मतहरू जस्तै एउटा सामान्य मतमा परिणत गरिँदैछ र राष्ट्रिय इतिहासको कथित अनन्त विभाजनको एउटा पाटो मात्र मानिँदैछ । अक्सर, फासीवादलाई यसका कारणहरू, संस्थाहरू, हिंसा, वर्गीय गठबन्धन, औपनिवेशिक युद्धहरू र जातीय कानुनहरू भएको एक क्रुर शासन व्यवस्थाको रूपमा नभई, 'इटालेली संस्कृति' को एउटा स्वभावगत अभिव्यक्तिका रूपमा मात्र प्रस्तुत गरिन्छ । फासीवाद राष्ट्रिय फोटो एल्बमको एउटा अर्को कथा र राजनीतिक नाटकका लागि उपलब्ध एउटा अर्को कथित पहिचान मात्र बन्न पुग्छ ।

फासीवादविरोधी पास्ता भोजले यसै कुराको प्रतिरोध गर्छ । यसले हामीलाई इतिहासलाई फेरि सार्वजनिक बहसमा ल्याउन, र मानिसहरूलाई केवल उत्सव मनाउन मात्र नभएर छलफल गर्न, तर्क गर्न, बुझ्न र सङ्गठित हुनका लागि एकजुट हुन आह्वान गर्दछ । यसको उद्देश्य दोस्रो विश्वयुद्धको प्रतिरोधी आन्दोलनप्रति अतीतमोह राख्नु होइन, बल्कि फासीवादविरोधी आन्दोलनको जनप्रिय, भौतिक र सामूहिक आयामलाई पुनर्जीवित गर्नु हो ।

स्पष्ट छ, एक प्लेट बढी पाकेको पास्ताले मात्र फासीवादलाई परास्त गरेको थिएन । तर यसले सार्वजनिक र सामूहिक रूपमा यो घोषणा गरेको थियो कि फासीवादलाई परास्त गर्न सकिन्छ । यसले एउटा तानाशाही शासनको अन्त्यलाई अथवा मानिसहरूले जुन अन्त्यको आशा गरेका थिए त्यसलाई मुक्तिको एक साझा उत्सवमा परिणत गरिदियो ।

यसै कारणले गर्दा, फासीवादविरोधी पास्ता भोजको आज पनि महत्त्व छ । हामीलाई सँगै मिलेर ऐतिहासिक रूपमा सोच्ने अवसरहरूको खाँचो छ । चेर्भी परिवारलाई सम्झनुको अर्थ उनीहरू फासिस्टहरूद्वारा मारिएका थिए भन्नु मात्र होइन । बरु यो सोध्नु हो कि कस्तो प्रकारको संसारले फासीवादलाई सम्भव बनायो, कस्तो प्रकारको ऐक्यबद्धताले प्रतिरोधलाई सम्भव बनायो र कस्तो प्रकारको उदासीनताले अधिनायकवादलाई फेरि सम्भव बनाउन सक्छ ?

आखिर, फासीवादविरोधी आन्दोलन केवल ज्यान गुमाउनेहरूको सम्झना मात्र होइन । यो जीवित रहेकाहरूले निरन्तर व्यवहारमा उतार्ने कर्म हो ।

**- ज्याकोबिन डटकम/दायित्वबोध डटकमबाट**

***अध्यक्ष...***

***मेरो आँखामा वियोगीजी***

वरिष्ठ पत्रकार तथा सम्पादक समाजका अध्यक्ष गोविन्द वियोगीजीसँग मेरो प्रत्यक्ष सम्बन्ध २०२२/२३ सालमा भएको थियो । म उहाँको साप्ताहिक 'मातृभूमि' को एक पाठक थिएँ । 'मातृभूमि' को अन्तर्राष्ट्रिय घटनाबारेको दृष्टिकोण र विश्लेषण अन्य साप्ताहिकको तुलनामा प्रगतिशील थियो ।

भियतनाम युद्धको समय थियो । नेपाली युवा-विद्यार्थीहरूमा भियतनामको परिचय र युद्धको बारेमा जानकारी दिनु मैले आफ्नो कर्तव्य सम्झेँ । यसकारण, उहाँको प्रेसमा 'भियतनाम एक परिचय' भन्ने पुस्तिका छपाउने सिलसिलामा म मातृभूमि प्रेस पुगेको थिएँ ।

पुस्तिकाको गुरूकपी वियोगीजीलाई देखाएँ । उहाँले पुस्तिकाको आकार, पाना र अक्षरको बारेमा पनि सोध्नुभयो । म पुस्तक छपाइमा नौलो मानिस हुँदा उहाँकै सल्लाह मागेँ र सोअनुसार छाप्ने र प्रुफ आफैले हेर्ने बताएँ । हुन त गुरूकपीको अक्षर, शुद्धाशुद्धी र अन्य धेरै कुरामा कमी-कमजोरीहरू थिए । उहाँले एक ग्राहकलाई अप्ठेरो हुने कुनै वाक्य वा व्यवहार प्रकट गर्नु भएन । प्रुफ हेर्दा पनि धेरै त्रुटीहरू भए । उहाँले जस्ताको तस्तै छपाउनुभयो ।

फण्डै २८/२९ पेजको एक हजार (१,०००) प्रतिको रु.३००/- जति लाग्यो । मैले पैसा बुझाएँ तर अञ्चलाधीश कार्यालयले पुस्तिकालाई प्रकाशन गर्ने स्वीकृति दिएन र केही दिन पछि पुस्तिका सबै अञ्चलाधीशले प्रेसबाटै उठाएर लगेको थाहा पाएँ ।

त्यस घटनाको केही महिनापछि मैले 'चीन भ्रमण' छपाउन उहाँसँग भेटेँ । पहिलेजस्तै पुस्तकको आकार-प्रकारबारे छलफल भयो र कम्पोज सुरू भयो । एक-डेढ महिनामा पुस्तक छापियो । २२५ पृष्ठ जतिको पुस्तक तयार भयो । एक हजारप्रतिको रू.१८००/- पर्ने उहाँले बताउनुभयो ।

पञ्चायती सरकारको तर्फबाट एउटा पत्रिका चलाउन एउटा प्रेस दिने अनि मात्रै पुस्तकलाई स्वीकृति दिने कुरा आएको थियो, त्यो प्रस्ताव स्वीकार भएन ।

केही दिनपछि थाहा भयो - 'चीन भ्रमण' पनि अञ्चलाधीश कार्यालयका मानिसहरूले प्रेसबाटै उठाएर लगे, सम्भवतः पुस्तक जलाइयो । तर, गोविन्द वियोगीजीले पुस्तकको रकमबारे पछि कहिल्यै कुरा उठाउनुभएन ।

ती घटनाहरू पछि वियोगीजीसँग मेरो बरोबर भेटघाट हुन्थ्यो र सामान्य कुराकानी भई नै रहन्थ्यो । पछि म कारागार, भूमिगत र भारत प्रवासमा गएँ । नेपाल फर्केपछि उहाँसँगको मेरो सम्बन्ध सदाझैँ एकैनासको रह्यो । पहिलो भेटघाटमा उहाँको सरलता मैले जस्तो पाएँ, उहाँसँगको अन्तिम भेटसम्म पनि एउटै रह्यो । उहाँले कहिल्यै आफ्नो विचारबाट प्रभाव पार्ने वा लामा लामा कुरा गर्ने गर्नुभएन । उहाँ आफू छोटो बोल्नुहुन्थ्यो र अरूको कुरा सुन्नुहुन्थ्यो ।

सुरुदेखि अन्तसम्म उहाँलाई मैले त्यही सरल र मित्रवत देखेँ, आफूभन्दा कम उमेरको व्यक्तिलाई समेत उहाँ समानता र सम्मानको व्यवहार गर्नुहुन्थ्यो । उहाँले कसैमाथि कटु वचन प्रयोग भएको र अरूप्रति शत्रुवत् अभिव्यक्ति दिनुभएको मलाई थाहा छैन । आफ्नो असहमति र अस्वीकृति उहाँ शिष्टता र विनम्रतापूर्वक नै राख्नुहुन्थ्यो । म उहाँलाई सुसंस्कृत नेवार समुदायको प्रतीकको रूपमा लिने गर्छु ।

व्यापक रूपमा हेर्दा म उहाँलाई एक सन्तुलित र स्पष्ट दृष्टिकोण भएको वरिष्ठ पत्रकारको रूपमा लिन्छु । उत्तेजना फैलाउने, अश्लील कथा र तस्विर छाप्ने तथा झूटा समाचारहरू प्रकाशित गरेर दङ्गा-फसाद मच्चाउनेजस्ता पीतपत्रकारिताभन्दा उहाँ सदा धेरै माथि रहनुभयो ।

यस अर्थमा नेपालको पत्रकारिता जगत्मा उहाँको योगदान सान्है सकारात्मक, जानकारीमूलक र समाजप्रति उत्तरदायित्वपूर्ण छ ।

**अनुवाद र आलोचनाका प्रखर व्यक्तित्व गोविन्द भट्ट**

समालोचक गोविन्द भट्ट बीपी कोइरालाको 'तीन घुम्ती' को आलोचना र पारिजातको चर्चित उपन्यास 'शिरिषको फूल' को आलोचनाबाट प्रकाशमा आउनुभएको थियो ।

२०२३/२४ सालमा मेरो 'चीन यात्रा' पुस्तकको भूमिकाका निम्ति म नेपाल-चीन मैत्री सङ्घका अध्यक्ष पूर्णबहादुर एमए र राजकीय प्रज्ञाप्रतिष्ठानका सदस्य सिद्धिचरण श्रेष्ठकहाँ पुगेको थिएँ । उहाँहरूकै सल्लाहबमोजिम म पहिलोपटक गोविन्द भट्ट र नेपाल-चीन मैत्री सङ्घका सदस्य श्यामप्रसादजीकहाँ पुगेको थिएँ ।

अध्यक्ष पूर्णबहादुर एमएले 'दुई शब्द' लेखिदिनुभयो र कवि सिद्धिचरण श्रेष्ठले भूमिका लेखिदिनुभयो । समालोचक गोविन्द भट्टले मन्तव्य लेखिदिनुभयो र साहित्यकार श्यामप्रसादले परिचय लेखिदिनुभयो ।

बरोबर म उहाँहरूसँगको भेटघाट र कुराकानीलाई सम्झने गर्छु । नेपाल-चीन मैत्री सङ्घको नयाँ सडकस्थित कार्यालयमा एकपटक अध्यक्ष पूर्णबहादुर एमए र कविवर सिद्धिचरण श्रेष्ठ बस्नुभएको थियो । म पुगेको एकैछिनमा गोविन्द भट्टजी पनि आइपुग्नुभयो ।

कुराकानीका सिलसिलामा गोविन्द भट्टजीले कवि केदारमान व्यथित नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको कुलपति बन्नुभएकोमा सिद्धिचरणजीसँग जिज्ञासा राख्नुभयो । एकछिन सोचेर सिद्धिचरणजीले भन्नुभयो, "हिजोसम्म राजा नै कुलपति भएको संस्थामा एकजना नागरिकको छोरो पुग्नु स्वागतयोग्य विषय हो ।"

जापानी पत्रकारहरूलाई भक्तपुरमा एक स्वागत कार्यक्रम आयोजना गरिएको थियो । जापानी पत्रकारहरूले अङ्ग्रेजीमा दिएको मन्तव्यलाई गोविन्द भट्टले अत्यन्त राम्रो नेपाली शैलीमा अनुवाद गर्नुभएको अहिले पनि मलाई सम्झना छ । मलाई पछि थाहा भयो - उहाँ एकजना राम्रो अनुवादक पनि हुनुहुन्छ । साथै, उहाँ एक स्पष्ट वक्ता र देशको एक प्रगतिशील साहित्यकार हुनुहुन्छ ।

गोविन्द भट्टजीले चर्चित जीवनी लेखक नरेन्द्र प्रसाईंले लेख्नुभएको 'रोहितको आकृति' पुस्तकमा 'राजनीति, साहित्य र सङ्घर्षको कथा' शीर्षकको एक अत्यन्त सन्तुलित परिचय लेखेर मलाई पनि उहाँलाई सधैँ सम्झिरहने गुण लगाउनुभएको छ । उहाँप्रति मेरो सादर सम्झना !

***स्रोत : जनताको साहित्य, वर्ष ४६, अङ्क १२, चैत/वैशाख २०७६/०७७***

# के यो सत्य हो ?

- रास्वपाको बालेन सरकारले यही साउन १ गतेदेखि निजी विद्यालयका विद्यार्थीहरूसँग ३ प्रतिशत समता शुल्क असुल गर्दै छ । यो शुल्क निजी विद्यालयले उठाएर सरकारलाई बुझाउनु पर्नेछ । निजी विद्यालयहरू विद्यार्थी वा अभिभावकसँग ३ प्रतिशत समता शुल्क असुल गर्न नसक्ने बरु आन्दोलन गर्ने धम्की दिँदै छन् । हिसान, प्याब्सन, अपिन र एन. प्याब्सनजस्ता सङ्गठनहरू आन्दोलनबारे टुङ्गोमा नपुग्दा देशभरिका विद्यार्थी र अभिभावकमा चिन्ता छाएको छ । के निजी विद्यालय सङ्घसँग आन्दोलन गर्ने दम होला ?
- कान्तिपुर पब्लिकेसन, अनलाइन खबर र हिमालय टेलिभिजनको कार्यालय प्रवेशद्वारअगाडि रास्वपा निकट कार्यकर्ताहरूको सवारीसाधन पार्किङ गरिएपछि व्यापक आलोचना भयो । रास्वपा सभापति रवि लामिछानेले आफ्नै कार्यकर्ता संलग्न भए पनि कारबाही हुनुपर्ने र सरकारका प्रवक्ता सस्मित पोखरेलले घटनामा संलग्न जोसुकै भए पनि कारबाही हुने बताए । रवि र बालेनले प्रायोजित भाषा बोलिरहेका हुन् कि साँच्चै दोषीमाथि कारबाही हुने हो ?
- रास्वपाको बालेन सरकारले सामुदायिक विद्यालय व्यवस्थापन समितिमा राजनीतिक पार्टीका सदस्य, कर्मचारी र वडाध्यक्ष एवम् वडासदस्यसमेत बस्न नमिल्ने नियमावली बनाएपछि अब देशभरिका २६ हजार सामुदायिक विद्यालय समाप्त हुँदै जाने र यसको फाइदा निजी विद्यालयलाई हुने व्यापक चर्चा चलिरहेको छ । विद्यालय व्यवस्थापन समितिमा बसेर अनियमितता गर्नेहरूलाई कारबाही हुनु जरुरी छ । तर, विद्यालय सुधारमा योगदान गर्न सक्ने राजनीतिक कार्यकर्ता, जनप्रतिनिधि र कर्मचारी व्यवस्थापन समितिमा बस्न नमिल्ने नियमावली उपयुक्त होइन ।
- रास्वपाका सांसदहरू क्रान्तिशिखा धिताल, प्रकाशचन्द्र परियार, करिश्मा कठरिया, सुलभ खरेल, अफ्साना बानु, जगदीश खरेलले सरकारको कमजोरी उजागर भएको, सांसदलाई प्रेसमाथि अराजकताको साक्षी बनाइएको, सिटामोलभन्दा पहिले मल माग्ने किसानको पीडामा सरकारको मुटु नदुखेको, शान्तिपूर्ण प्रदर्शनमा सरकारको बल प्रयोगबारे प्रम र गृहमन्त्रीले जवाफ दिनुपर्ने, तस्करप्रति गृहमन्त्री मौन रहेको, प्रमको गरिमा मात्र रहने गरी सांसदलाई ढ्यापढ्याप मात्र गराइएको भनी असन्तुष्ट पोखे । सरकारको विरोध गरेजस्तो गरी सत्तापक्षले विपक्षीलाई चुनौती दिएको त होइन ?

## विपद् जोखिम न्यूनीकरणको पूर्वतयारी गरौं

- बर्षाको समयमा बाढी पहिरो तथा चट्याङ्गको जोखिम हुन सक्छ,
- सम्भावित जोखिमको मूल्यांकन गरौं, सचेत बनौं,
- जोखिमयुक्त स्थानमा नबसौं, सुरक्षित स्थानमा बसौं,
- नदि किनारा वा भिरालो जमिनमा बसोबास भएकाहरु बिशेष सतर्क रहौं,
- सम्भावित जोखिमबाट बच्न आपतकालीन पूर्वयोजना बनाऔं,
- घर परिवार र छिमेकीहरूसँग मिलेर सुरक्षित स्थानको पहिचान गरौं,
- सम्पर्क बिन्दुहरु तय गरौं, सूचना प्रणालीमा आवद्ध होऔं,
- खाद्यान्न, पानी, प्राथमिक उपचार सामग्री, टर्चलाइट र आवश्यक औषधि आदि तयारी अवस्थामा राखौं,
- प्रकोप व्यवस्थापन तालिम तथा अभ्यासमा सहभागी बनौं,
- बालबालिका, बृद्धबृद्धा र अपाङ्गता भएका व्यक्तिको सुरक्षामा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



बुधबार भनपा वडा नं. ५ स्थित दहीविनायक ढोछेंको शिलान्यास गर्नुहुँदै भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशी ।
*तस्बिर: भनपा*

***सडकदेखि...***

सरकार गठन गरेपछि सरकारको कार्यशैलीप्रति असन्तोष व्यक्त गर्दै थोरै समयमा धेरै आन्दोलन भएको समय अहिले भएको चर्चा परिचर्चा हुन थालेको छ । संसद्मा प्रतिनिधित्व गरेका तर सरकारमा सामेल नभएका दलका नेता र सांसदहरू पनि सरकारको हुङ्कार, गलत अभिव्यक्ति, गलत निर्णय र संसद्को मर्यादाको ख्याल नगरेको कारण देखाई सरकारको तीव्र आलोचना गर्दै छन् । यही कारण लामो समयदेखि संसद् अवरूद्ध भइरह्यो । संसद् अवरूद्धमात्र होइन रोस्ट्रम घेराउ गरियो । पक्ष र विपक्षका सांसदहरूबिच हप्कीदप्कीमात्र होइन हात हालाहालको स्थितिमा पुग्यो । संसद् बहिष्कार गर्ने, संसद् सञ्चालन गर्न नदिने काम पनि भयो । यसरी देशमा सडकमा मात्र होइन सदनसम्म पनि वर्तमान सरकारको अपमान, ज्यादती, दमनको विरोधमा आवाज बुलन्द भइरहेको छ । सरकार यही तरिकाले अघि बढिरह्यो भने जनतामा अझ असन्तोष बढ्नेमा शङ्का छैन ।

# नक्कली नोट र नोट छाप्ने मेसिनसहित ६ जना पक्राउ

बुटवल, ३१ असार (सेतोपाटी) । रूपन्देही प्रहरीले नक्कली नेपाली नोट र नोट छाप्ने मेसिनसहित ६ जनालाई पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय र इलाका प्रहरी कार्यालय बुटवलको टोलीले गोप्य सूचनाको आधारमा गरेको अपरेसनको क्रममा एक जना भारतीय नागरिक र पाँच जना नेपालीसहित ६ जनालाई पक्राउ गरेको हो ।

पक्राउ पर्नेहरूमा बुटवल उपमहानगरपालिका वडा नं ११ की ३६ वर्षीय गङ्गाकुमारी पूर्वछाने, कपिलवस्तुको बाणगंगा नगरपालिका वडा नं. १ का सञ्जय थारू, कास्कीको पोखरा महानगरपालिका वडा नं. १ का किरणकृष्ण तिवारी, दोलखाको सैलुङ गाउँपालिका वडा नं ४ का ३८ वर्षीय पासाङ तामाङ, भक्तपुरको चाँगुनारायण नगरपालिका वडा नं. १ का ४२ वर्षीय रामचन्द्र खत्री र भारतको पश्चिम बङ्गाल सिलिगुडी निवासी ४१ वर्षीय वासुमित्र आनन्द रहेका छन् ।

उनीहरूको साथबाट एक हजार रुपैयाँ दरका ६२२ थान नक्कली नेपाली नोट, नोट छाप्ने मेसिन, फोटोकपी मेसिन, ल्यापटप, प्रिन्टर, नक्कली नोट छाप्न प्रयोग हुने पेपर १ कार्टुन, लेमिलेसन मेसिन, नक्कली नोट बनाउन प्रयोग हुने केमिकल, प्लास्टिक पेपर, तयार भएका नक्कली नोट कटिङ गर्न प्रयोग हुने मेसिन र ६ थान मोबाइल बरामद गरेको इलाका प्रहरी कार्यालय बुटवलका प्रमुख प्रहरी नायव उपरीक्षक निशान्त श्रीवास्तवले जानकारी दिनुभयो ।

पक्राउ परेकाहरूलाई जिल्ला अदालत रूपन्देहीबाट मुद्रासम्बन्धी कसुरमा म्याद थप गरी अनुसन्धान भइरहेको प्रहरी नायव उपरीक्षक श्रीवास्तवले जानकारी दिनुभयो ।

जिल्ला प्रहरी कार्यालय रूपन्देहीका प्रहरी नायव उपरीक्षक कृष्णबहादुर चन्दले नक्कली नोट छाप्ने गिरोहले नेपाली युवाहरूलाई प्रयोग गर्दै आफ्नो सञ्जाल विस्तार गरेको खुलेको र घटनाका मुख्य योजनाकार भनिएका अर्का एक भारतीय नागरिकको खोजी भइरहेको बताउनुभयो ।

घटना विवरणअनुसार असार २६ गते गङ्गाकुमारी पुर्वछाने आफूसँगै काम गर्ने अर्घाखाँचीको माला रानी गाउँपालिका वडा नं ९ स्थायी घर भई हाल बुटवल उपमहानगरपालिका वडा नं.४ ट्राफिक चोकमा बस्दै आएका प्रेम सावतलाई आफूलाई क्यूआरमार्फत पैसा हालिदिन भन्दै नगद २ हजार १ सय रुपैयाँ दिएकी थिइन् ।

सावतले उक्त रुपैयाँ लिएर बुटवलको नेपालगञ्ज रोडस्थित कपडा पसलबाट कपडा खरिद गरी पैसा बुझाउने क्रममा पसल धनीले उक्त नोट नक्कली भएको पहिचान गरेका थिए । त्यसपछि सावतले आफूलाई झुक्यानमा पारी नक्कली नोट दिने गङ्गाकुमारी पूर्वछाने विरुद्ध प्रहरीमा उजुरी दिएका थिए । त्यसपछि प्रहरीले पूर्वछानेलाई पक्राउ गरी उनको घर कोठा खानतलासी गर्दा १ हजार दरका १०३ थान नक्कली नेपाली नोट बरामद गरेको थियो ।

गङ्गाकुमारीसँग सोधपुछ गर्दा उक्त कार्यमा पोखराका किरणकृष्ण तिवारीको पनि संलग्नता रहेको बयान दिएकी थिइन् ।

गङ्गाकुमारीको बयानपछि जिल्ला प्रहरी कार्यालय कास्कीसँग समन्वय गरी तिवारीलाई पक्राउ गरिएको थियो ।

प्रहरीले तिवारीको घर कोठा खानतलासी गर्दा १ हजार दरका ४७८ थान नक्कली नेपाली नोट बरामद गरेको जनाएको छ ।

प्रहरीले गङ्गाकुमारी र किरण कृष्ण तिवारी हुँदै उक्त कार्यमा संलग्नहरू रामचन्द्र खत्री, कपिलवस्तुको बाणगंगाका वडा नं. २ बस्ने सञ्जय थारू, वासुमित्र आनन्द र पासाङ तामाङ समेतलाई पक्राउ गरेको हो ।

रामचन्द्र खत्रीले बुटवल उपमहानगरपालिका वडा नं. १३ जित गढीमा बालकुमारी घर्ती मगरको घरमा २ वटा कोठा भाडामा लिएर नक्कली नोट छाप्ने र बजार पठाउने काम गर्दै आएका थिए ।

पक्राउ परेका सबैमाथि मुद्रासम्बन्धी कसुरअन्तर्गत थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय रूपन्देहीले जनाएको छ ।

## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

### सहकारी संस्थाका पदाधिकारीहरूको भेलाबारे सूचना

सहकारी संस्थाको विगत र वर्तमान विषयमा भक्तपुर नगरपालिकाभित्र सञ्चालित सहकारी संस्थाका पदाधिकारीहरूको भेला कार्यक्रम निम्न मिति, समय र स्थानमा हुने भएकोले प्रत्येक सहकारीबाट एक/एक जना कार्यक्रममा सहभागी हुन अनुरोध गरिएको छ ।

**कार्यक्रम**

**मिति** : २०८३/०४/०१ गते, शुक्रबार
**समय** : दिनको १:०० बजे
**स्थान** : भ.न.पा.को सभा कक्ष, ब्यासी, भक्तपुर

## स्वर्णिम बचत तथा ऋण सहकारी संस्था लि.

भक्तपुर, २०५५

### ऋण र ब्याज चुक्ता गर्नेबारे ३५ दिने सार्वजनिक सूचना

यस संस्थाबाट ऋण लिने तपसिलबमोजिमका ऋणी सदस्यहरूले ऋण लिँदा गरिदिएको लिखत तथा सर्तनामामा तोकिएअनुसार बुझाउनुपर्ने सावाँ, ब्याज रकमहरू नबुझाई ऋण लिँदा गरेको सर्त कबुलियतको उल्लङ्घन गरेको र संस्थाबाट पटकपटक मौखिक तथा लिखित पत्रमार्फत ऋण चुक्ता गर्न आउन ताकेता गर्दा पनि तिर्न बुझाउन नआई कुनै चासोसमेत नदेखाई बेवास्ता गरी बसी आएकोले ऋण चुक्ता गर्न आउनेबारे यो ३५ दिने सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र यस सहकारीमा सम्पर्क राखी संस्थाबाट लिएको ऋण कर्जाको सम्पूर्ण सावाँ, ब्याज र अन्य दस्तुर चुक्ता गर्नुहोला । उक्त समयभित्र संस्थाको रकम चुक्ता नभएमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, सहकारी ऐन (पहिलो संशोधन २०८३ तथा प्रचलित कानुनअनुसार गरिने व्यहोरा सम्पूर्ण ऋणी सदस्य महानुभावहरूको जानकारीको लागि अनुरोध गर्दछौँ ।

| क्र.सं. | ऋणीको विवरण | स्थायी/अस्थायी ठेगाना | ऋणीको फोटो |
|---|---|---|---|
| १. | **नाम थर** : कुमार श्रेष्ठ<br>**ना.प्र.नं.** : २१३०५४<br>**आमा** : पूर्णमाया श्रेष्ठ<br>**बाजे** : धनबहादुर श्रेष्ठ | जारी जिल्ला: रामेछाप |  |
| २. | **नाम थर** : निर्मल छुकां<br>**ना.प्र.नं.** : २१३१५४<br>**बुबा** : गुणबहादुर छुकां<br>**बाजे** : गुनाबहादुर छुकां | साबिक: ताथली-७<br>हाल चा.न.पा.९, ताथली |  |
| ३. | **नाम थर** : मिलन कुस्मा<br>**ना.प्र.नं.** : ०१६४२<br>**बुबा** : कृष्णभक्त कुस्मा<br>**बाजे** : कृष्ण कुस्मा | भ.न.पा. वडा नं.६, इनाचो |  |
| ४. | **नाम थर** : राजकुमार खड्का<br>**ना.प्र.नं.** : १५९०<br>**बुबा** : निलबहादुर खड्का<br>**बाजे** : गणेशबहादुर खड्का | सुडाल-५<br>हाल चा.न.पा.७ |  |
| ५. | **नाम थर** : दिव्यरत्न बज्राचार्य<br>**ना.प्र.नं.** : ३०७६<br>**बुबा** : गुजेरत्न बज्राचार्य<br>**बाजे** : सम्यकरत्न बज्राचार्य | तौलाछेँ, भक्तपुर-९<br>हाल च्याम्हासिंह, भक्तपुर-८ |  |


प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: चक्रबहादुर चाकतु★कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा